


नेपाली राष्ट्रिय दैनिक

# हिमालय टाइम्स

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times


**राजनीतिमा नकारात्मकता**

● **प्रा.डा.शान्तिकृष्ण अधिकारी**

सपना नदेख्नेले योजना बुन्नै सक्दैन । योजना नबुन्नेले प्रगतिको बाटो समात्नै सक्दैन । गगनले बुनेको यो योजनालाई हौस्याउनतिर लागेको भए केही प्रतिफल प्राप्त हुन सक्थ्यो कि तर त्यो सम्भावनालाई बीचैमा तुहाउने काम भएको छ । उनलाई उडाउनुको सट्टा ढाढस दिएको भए अवसरहरू सिर्जना हुन्थे कि भनेर हेर्नै नपाइने अवस्था सिर्जना गरियो ।


पृष्ठ ४



वर्ष ३०, अंक १५ काठमाडौं | २०८१ पुस २५ बिहीबार | पौष शुक्लपक्ष, दशमी नेपाल संवत् ११४५ | HIMALAYA TIMES | Thursday 9 January 2025 | पृष्ठ ८+२ | मूल्य रु ५।-


# संक्रमणकालीन न्याय फेरि संकटमा



डिबी शर्मा/हिटा

काठमाडौं, २४ पुस

संक्रमणकालीन न्यायसम्बन्धी कार्य पुन: संकटमा परेको छ । केही समयअघि निष्कर्षमा पुग्नै लागेको भनिएको संक्रमणकालीन न्याय (टिआरसी)सम्बन्धी प्रक्रिया राजनीतिक बेमेलका कारण फेरि अन्योलमा परेको हो । शान्ति सम्झौता भएको दुई दशक पुग्नै लाग्दा पनि अनेक बहानामा द्वन्द्वकालीन घटनाको सत्य निरुपणमा निष्कर्षमा पुग्न सकेको छैन । पछिल्लोपल्ट सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा सिफारिश गर्न समिति गठन गरिए पनि आयोग नै बन्न नपाई बीचैमा प्रक्रिया तुहिएको छ । शान्ति प्रक्रियाका बाँकी काम नटुंगिँदा द्वन्द्व पीतिले न्याय पाउन सकेका छैनन् । १८ वर्षसम्म टिआरसी नटुंगिँदा उनीहरू अब न्याय नै नपाउने हो कि भन्ने त्रासले थिचिन थालेका छन् ।

सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २०७९ साउनदेखि पदाधिकारीविहीन छन् । पछिल्लो समयमा गठित पदाधिकारी सिफारिश समिति पनि जिम्मेवारी पूरा गर्न नसकेर स्वत: निष्क्रिय भएको छ । सशस्त्र द्वन्द्वमा रहेको माओवादी विस्तृत शान्ति सम्झौतामार्फत शान्ति प्रक्रियामा आएको थियो । ५ मंसिर २०६३ मा भएको विस्तृत शान्ति सम्झौतामा कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डले हस्ताक्षर गर्नुभएको थियो ।

### दुई आयोग असफल, तेस्रो गठन नै नभई तुहियो

दुई वर्षभन्दा लामो समय संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोग पदाधिकारीविहीन बनेपछि सरकारले अध्यक्ष तथा सदस्यको नियुक्तिका लागि सिफारिश समिति गठन गरेको थियो । सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजकत्वको सिफारिश समितिले २३ कात्तिकमा सार्वजनिक सूचना जारी गरी आवेदन माग गरेको थियो । त्यतिबेला आवेदन दिने म्याद सात दिनको भए पनि पछि पाँच दिन थपिएको थियो । आवेदन दिने म्याद मंसिर ४ गते अपराह्न ५ बजे सकिएको थियो । यो अवधिमा आवेदन र सिफारिससहित १५६ जनाको नाम समितिमा प्राप्त भएको थियो । तीमध्येबाट ४० जनाको सर्ट लिस्ट सर्च कमिटीले गत मंसिर २२ गते सार्वजनिक गरेको थियो । तर, सिफारिश समिति निष्कर्षमा पुग्न सकेन ।

यसअघि विस्तृत शान्ति सम्झौताको आठ वर्षपछि दुई आयोग गठन भएका थिए । तर, दुई आयोग दुई पटकसम्म पनि घटना केन्द्रित अनुसन्धान र निष्कर्षमा पुग्न सकेका छैनन् । दुई वा एकै आयोग भन्ने लामो बहसमा सर्वोच्चको आदेशपछि २०६९ सालमा अध्यादेश जारी भई दुई फरक आयोगको संरचना अघि बढाइएको थियो । लगत्तै दुई वर्षपछि २०७१ मा विधायिकी निर्मित ऐन जारी भएको थियो । क्षमादानको व्यवस्था, घटना वर्गीकरण,


» पृष्ठ २ मा क्रमश:


### एमाले बाधक बनेको माओवादीको आरोप

माओवादी केन्द्रले संक्रमणकालीन न्यायसम्बन्धी विषय टुंगो लगाउन एमाले बाधक भएको आरोप लगाएको छ । केन्द्रीय समिति बैठकले पारित गरेको अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको ३० पृष्ठ लामो राजनीतिक प्रतिवेदनमा टिआरसी टुंगिन नसक्नुमा एमालेको प्रतिशोधपूर्ण कार्य बाधक रहेको उल्लेख छ । एमाले नेतृत्वले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई सत्ताको दाउपेचको विषय बनाएको माओवादीको आरोप छ । एमालेकै कारण संक्रमणकालीन न्यायसँग सम्बन्धित आयोग गठनमा


» पृष्ठ २ मा क्रमश:


### टिआरसी टुंग्याउन सदन, सरकार र सडकबाट दबाब दिनुपर्छ : प्रचण्ड

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सडकबाट दबाब नदिएसम्म शान्ति प्रक्रियाका बाँकी काम टुंगो नलाग्ने बताउनुभएको छ । राजनीतिक कारणले टिआरसी अड्किएको जिकिर गर्दै उहाँले अब सडकबाट दबाब दिनुपर्ने बताउनुभएको हो । बुधबार काठमाडौंमा शान्ति प्रक्रिया र बेपत्ता नागरिकहरूको सार्वजनिकीकरणको सवाल विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले राजनीतिक कारणले नै शान्ति प्रक्रियाका बाँकी काम टुंगिन नसकेको बताउनुभयो । 'अहिले टुंग्याउन कठिन भएको राजनीतिले हो । राजनीतिक कारणले


» पृष्ठ २ मा क्रमश:


### शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन सरकार र विपक्षी एक ठाउँमा उभिनुपर्छ : खरेल

एमाले नेता अग्नि खरेलले शान्ति प्रक्रियालाई टुंगो लगाउन आफ्नो पार्टी इमानदार रहेको बताउनुभयो । काठमाडौंमै आयोजित कार्यक्रममा बोल्दै उहाँले शान्ति प्रक्रियालाई सफल बनाउन सरकार सकारात्मक रहेको समेत बताउनुभयो । शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन सरकार र विपक्षी दल एक ठाउँमा उभिनुपर्ने उहाँको भनाइ छ । 'शान्ति प्रक्रियालाई सफल बनाउन सरकार सकारात्मक छ, एमाले केन्द्रीय समिति बैठकमा पेस


» पृष्ठ २ मा क्रमश:


# एमाले–माओवादी तिक्तता : कांग्रेसलाई लाभ





नकुल अर्याल/हिटा

काठमाडौं, २४ पुस

काठमाडौं । सत्तारुढ नेपाली कांग्रेस आफ्ना मुख्य दुई प्रतिस्पर्धी दलहरू नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच तिक्तता बढाउन सफल भएको छ । एमाले-माओवादी गठबन्धनलाई तोड्दै गत असारमा सत्तारोहण गरेको कांग्रेसविरुद्ध दुवै कम्युनिष्ट पार्टी नरम देखिँदा आपसमा भने पानी बाराबारको स्थितिमा पुगेका छन् ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको केन्द्रीय कमिटीको पछिल्लो बैठकले वाम ध्रुवीकरणको सम्भावनालाई तत्कालका लागि रोकेको छ । विगतमा पार्टी नै एकता गरेर नेपाल कम्युनिष्ट पार्टी चलाइसकेका एमाले र माओवादीबीच झाँगिँदै गएको विवादको लाभ कांग्रेसले प्रत्यक्ष रूपमा लिने नै छ । सत्ता राजनीतिको निर्णायक तागतका रूपमा पनि रही रहनेछ ।

एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) दुवै आ-आफ्नो पार्टी बैठकमा एकअर्काविरुद्ध आरोप-प्रत्यारोप गर्दै राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । दुवै पार्टीले पारित गरेका प्रतिवेदन केलाउँदा तत्कालका लागि एमाले-माओवादी सम्बन्ध सुधार असम्भव झैं देखिएको छ ।

नेकपा एमालेका अध्यक्ष ओलीले प्रस्तुत गर्नुभएको प्रतिवेदनमा माओवादी अध्यक्ष प्रचण्डले उग्र जातिवादीसँग मोर्चाबन्दी गरेको, राजावादीसँग साँठगाँठ गरेको लगायत आरोप छन् । ओलीले प्रचण्डकै कारण सत्ता राजनीतिमा संकट परेको र एमालेले नेतृत्व लिनुपर्ने परिस्थिति आएको आरोप लगाउनुभएको छ ।

'परिवर्तनविरोधी शक्तिहरू खुलेआम संविधानलाई चुनौती दिँदै लोकतान्त्रिक गणतन्त्रको विरोधमा उत्रिने र दिनै तोकेर राजा फर्काउने अभिव्यक्ति दिन थाल्दासमेत प्रचण्ड संवेदनशील हुन सकेनन्', ओलीको आरोप छ । अर्कोतिर माओवादी अध्यक्ष प्रचण्डले केन्द्रीय कमिटीमा राखेको विचारमा एमालेलाई राजनीतिक रूपमा कटु आलोचना गरिएको छ । एमालेलाई उदार पुँजीवादी बुर्जुवा संस्कृतितिर अगाडि बढेको आरोप लगाउँदै प्रचण्डले एमालेभन्दा माओवादी लोकतान्त्रिक पार्टी भएको समेत टिप्पणी गर्नुभएको


» पृष्ठ २ मा क्रमश:


### कांग्रेसलाई राजनीतिक लाभ

एमाले र माओवादी दुवैले आ आफ्ना राजनीतिक प्रतिवदेनमा कांग्रेसप्रति उदारता देखाएका छन् । एमालेले त कांग्रेससँगको सहकार्य लामो समय जाने संकेत गरेको छ भने माओवादीले पनि उपयुक्त परिस्थिति बन्दा कांग्रेससँग सहकार्य हुने अवस्थालाई प्रतिवेदनमा नकारेको छैन ।

कांग्रेसको भूमिकाका कारण वामपन्थी दलहरूभित्र टकराव बढेको नभए पनि त्यसको प्रत्यक्ष राजनीतिक लाभ उसले लिने देखिन्छ । एमाले र माओवादी मिल्दा विगतमा पार्टीले व्यहोर्नुपरेको क्षतिप्रति सजग देखिएको कांग्रेस अबको निर्वाचनसम्म कम्युनिष्ट एकता हुन नदिने पक्षमा छ । त्यसका लागि एमाले र माओवादी दुवैका बैठक कांग्रेसका लागि उपलब्धिपूर्ण भएका छन् । '२०७४ मा कम्युनिष्टहरू मिल्दा हामीले संसदीय शक्ति गुमाएकै हो । त्यसैले अबको चुनावमा पनि माओवादी र एमालेलाई मिल्न नदिने


» पृष्ठ २ मा क्रमश:


### एमालेप्रति सकारात्मक कांग्रेस

एमालेसँग सत्ता सहकार्य गरिरहेको कांग्रेसभित्र पनि वर्तमान गठबन्धनलाई नै लामो समय लैजानुपर्ने मत छ । सभापति शेरबहादुर देउवा ओलीको दुई वर्षे कार्यकालपछि २०८३ असारमा छैटौं पटक प्रधानमन्त्री बन्ने प्रतीक्षामा हुनुहुन्छ । त्यसअघि एमालेसँग सम्बन्ध बिग्रन नदिन देउवाले सचेतता अपनाउनुभएको । सरकारको विरोध हुने परिस्थिति बन्न नदिन कांग्रेसले नियमित बैठकहरू समेत गरेको छैन । कांग्रेसका कुनै पनि पदाधिकारीले सरकारको कामकारबाहीबारे आलोचनासम्म गरेका छैनन् । माओवादीसँग मिल्दाभन्दा एमालेसँग मिल्दा राजनीतिक सन्तुलन र लाभ दुवै मिल्ने


» पृष्ठ २ मा क्रमश:


# विपिनको रिहाइका लागि पहल गरिदिन इजरायली राजदूतलाई परराष्ट्रमन्त्रीको आग्रह



हिमालय टाइम्स

काठमाडौं, २४ पुस

परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले विपिन जोशीको रिहाइका लागि पहल गरिदिन इजरायली सरकारलाई आग्रह गर्नुभएको छ । नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत् परराष्ट्रमन्त्री राणाले इजरायल सरकारसँग हमास समूहको नियन्त्रणमा रहेका नेपाली विद्यार्थी जोशीको रिहाइका लागि आग्रह गर्नुभएको हो ।

परराष्ट्रमन्त्री डा.राणासँग बुधबार मन्त्रालयमा शिष्टाचार भेटका क्रममा राजदूत बाससँग राणाले विपिनलाई हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्न इजरायल सरकारसँग आग्रह गर्नुभएको हो । हमास समूहले अपहरण गरी लगेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको भन्ने सूचना आइरहेकाले यस विषयमा मन्त्री डा.राणाले इजरायली राजदूतसँग जानकारी लिनुभएको हो ।

भेटका क्रममा राजदूत बासले हमासको नियन्त्रणमा रहेका वृद्धवृद्धा, महिला तथा बालबालिका समेतका नाजुक स्वास्थ्य अवस्थामा रहेका नागरिकहरूको रिहाइका लागि इजरायल सरकारले केही महिनाअघि हमासलाई सूची पठाएको र पहिलो चरणमा उनीहरूलाई नियन्त्रण मुक्त गर्ने तयारी भएको भन्ने सूचना आएको


» पृष्ठ २ मा क्रमश:


### विपिन हमासको नियन्त्रणमा रहेको बीबीसीको दाबी, गाजामा भेटियो फोन

नेपालका विपिन जोशी अहिले पनि हमासको नियन्त्रणमा रहेको बीबीसीले उल्लेख गरेको छ । हमासको नियन्त्रणमा रहेका विदेशी नागरिकको सूचीमा बीबीसीले विपिनको नाम पनि समावेश गरेको हो । इजरायलमाथि हमासले गरेको आक्रमणको सोमबार एक वर्ष पूरा भएको अवसरमा विपिन अहिले पनि हमासको नियन्त्रणमा रहेको उल्लेख गरेको हो ।

इजरायल सरकारका अनुसार गत ७ अक्टुबरमा हमासले २५१ जना इजरायली र विदेशी नागरिकलाई बन्धक बनाएको थियो । बीबीसीका अनुसार हमासको नियन्त्रणमा रहेका ९७ जनामध्ये विपिन पनि नियन्त्रणमै रहेका छन् । अनुसार २३ वर्षीय विपिनलाई इजरायलको किबुत्ज अलुमिमबाट हमासले बन्धक बनाएको बीबीसीले जनाएको छ । उहाँका परिवारलाई इजरायली इन्टेलीजेन्सले यसबारे पुष्टि गरेको बीबीसीले उल्लेख गरेको छ र उहाँको फोन गाजामा फेला परेको पनि बताइएको छ ।

कृषि अध्ययनका लागि इजरायल गएका १० जना नेपालीको भने हमासले हत्या गरेको थियो । तर, विपिनको अवस्थाबारे भने हालसम्म स्पष्ट जानकारी प्राप्त हुन नसके पनि बीबीसीको रिपोर्टमा भने उहाँ हाल पनि हमासको नियन्त्रणमा रहेको उल्लेख छ ।

हिमालय टाइम्स | चसक्क!




महेश बस्ताकोटी






## उच्चस्तरीय आर्थिक सुझाव आयोगको प्रतिवेदन : अर्थतन्त्रलाई थप चलायमान र सुदृढ बनाउन सुझाव

नारायण भण्डारी/हिटा

काठमाडौं, २४ पुस



उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारलाई अन्तरिम प्रतिवेदन पेस गरेको छ । आयोगका अध्यक्ष रामेश्वरप्रसाद खनालले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई अर्थ मन्त्रालयमा प्रतिवेदन बुझाउनुभएको हो । प्रतिवेदनमा अर्थतन्त्रलाई थप चलायमान र सुदृढ बनाउने गरी तत्काल गर्नुपर्ने विषयहरू उल्लेख गरिएको छ । जसमा सरकारी दायित्व र अन्य बक्यौता रकम भुक्तानी दिने, वित्तीय क्षेत्रका वास्तविक समस्याग्रस्त ऋणीहरूलाई सहजीकरण गर्ने, व्यापारिक उधारो नियमन गर्न कानुन निर्माण गर्न सुझाव दिइएको छ । यसैगरी प्रतिवेदनमा समस्याग्रस्त सहकारीबाट देखिएको समस्या सम्बोधन गर्ने, चालु आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्ने, जाजरकोट भूकम्पलगायत विपद्जन्य घटनाबाट क्षति पुगेको भौतिक पूर्वाधारको पुनर्निर्माणको काममा तीव्रता दिने, सरकारले जग्गा प्राप्तिको कारबाही चलाएको वा प्रक्रिया टुंगो लागेका जग्गाको मुआब्जा वितरणमा तीव्रता दिने विषय सुझाएको छ ।

यसले आर्थिक क्रियाकलाप बढाउन सहयोग पुग्ने जनाइएको छ ।


» पृष्ठ २ मा क्रमश:


# रविसहित सबै प्रतिवादीको बहस सकियो

## शुक्रबारसम्म आदेश आउनसक्ने

अनिल क्षेत्री/हिटा

काठमाडौं, २४ पुस



**लेखा समिति सभापति पोखरेलकी श्रीमती अञ्जलालाई धरौटीमा छाड्न अदालतको आदेश**



**धनराज गुरुङसँग सीआईबीको साढे चार घण्टा सोधपुछ**






कास्कीको पोखरास्थित सूर्यदर्शन सहकारी ठगी प्रकरणमा कास्की जिल्ला अदालतमा प्रतिवादीतर्फका वकिलहरूको बहस सकिएको छ । सूर्यदर्शन सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहित प्रतिवादी भएको मुद्दामा प्रतिवादीतर्फका वकिलहरूको बहस सकिएको हो । बुधबार प्रतिवादीकातर्फबाट रामबहादुर खनाल, विष्णु मरासिनी र उज्ज्वल शंकर सापकोटाले बहस गर्नुभएको थियो । प्रतिवादीहरूको बयान सकिएलगत्तै पुस १६ गतेदेखि थुनछेक बहस सुरु भएको थियो । जिल्ला अदालत कास्कीका न्यायाधीश नितिज राईको इजलासमा थुनछेक बहसपछि प्रतिवादीहरूलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ । कास्की जिल्ला अदालतका स्रेस्तेदार राजन खनालले बुधबारबाटै जाहेरकर्ताका तर्फबाट जवाफी बहस सुरु भएको र आज (बिहीबार) सम्म सरकारी वकिल कार्यालयको तर्फबाट बहस सकिने खनालले जानकारी दिनुभयो । जवाफी बहस सकिएपछि आदेश आउने जानकारी दिँदै स्रेस्तेदार खनालले भन्नुभयो, 'सम्भवत: बिहीबार नभए शुक्रबारसम्म आदेश आउनसक्ने देखिन्छ ।' सरकारी वकिल र पीडित जाहेरवालाले लामिछानेलगायतलाई थुनामै राखी कारबाही अघि बढाउन माग गरेका छन् । सूर्यदर्शन सहकारी ठगी मुद्दामा पक्राउ परेकाहरूको थुनछेक बहस सकिन लाग्दा जिल्ला अदालत कास्की आसपास सुरक्षा व्यवस्था कडा गरिएको छ । कोमाकाने पार्कदेखि राष्ट्र बैंक चोकसम्म सवारीसाधन प्रवेश रोकिएको छ । पैदल यात्रुलाई पनि सो क्षेत्रमा निषेध गरिएको छ ।

यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालयले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।


» पृष्ठ २ मा क्रमश:


CMYK

# अख्तियारद्वारा विद्यालयका लेखापाल र विव्यस सदस्य घुस रकमसहित पक्राउ

**काठमाडौं ।** नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-५ स्थित राजनारायण माध्यमिक विद्यालयका सहायक (लेखापाल) सुरेश गुप्ता र विद्यालय व्यवस्थापन समितिका सदस्य सुरेन्द्रप्रसाद कहार घुस रकमसहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिएको टोलीले गुप्ता र कहारलाई ६५ हजार घुससहित रंगेहात पक्राउ गरेको हो ।

उनीहरूले भवन निर्माण सम्पन्नपश्चात अन्तिम बिल भुक्तानी गर्नका लागि सेवाग्राहीसँग घुस मागेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा बुटवल कार्यालयबाट गएको टोलीले रंगेहात पक्राउ गरेको



आयोगका प्रवक्ता नरहरि घिमिरेले बताउनुभयो । सेवाग्राहीबाट ६५ हजार रूपैयाँ घुस लिइरहेको अवस्थामा लेखापाल गुप्ताको कार्यकक्षबाट बुधबार उनीहरूलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रवक्ता घिमिरेले विज्ञप्तिमार्फत् जानकारी दिनुभएको छ ।

# इलाममा दुई सय वर्ष लामो इतिहास बोकेको निशान पदमार्गको शुभारम्भ

**प्रकाश नेपाल / हिटा**

इलाम, २४ पुस

इलाममा दुई सय वर्ष लामो इतिहास बोकेको निशान पदमार्गको शुभारम्भ गरिएको छ । नेपाल-भारत सिमाना जोडिएको मेची नदीको मुहानदेखि इलामको निशान स्थापना गरिएको सदरमुकामको माईस्थान मन्दिरसम्मको ४१ किलोमिटर पदमार्गको उद्घाटन गरिएको हो । सूर्योदय नगरपालिकाको मेची बजारबाट बुधबार पदयात्राको थालनी गरिएको हो । २४ देखि २६ गतेसम्म नेपाली सेना, स्थानीय जनप्रतिनिधि, पर्यटन व्यवसायी र सरोकारवालाको टोलीले पदयात्रा गर्ने इलामको गडिथुम्कामा रहेको नेपाली सेनाको रणशार्दुल गणका प्रमुख प्रह्लाद घलेले जानकारी दिनुभयो । पदयात्राका क्रममा पर्ने पदमार्गअन्तर्गत सूर्योदय नगरपालिका, माइजोगमाई गाउँपालिका र इलाम नगरपालिकाका विभिन्न स्थानमा पदयात्रीको स्वागतमा स्थानीय जातजातिको झाँकीसहितका स्वागतका कार्यक्रम तय गरिएको छ ।

गडिथुम्कामा रहेको रणशार्दुल गणको पहलमा सूर्योदय नगरपालिका, इलाम नगरपालिका र माइजोगमाई गाउँपालिकाको संयुक्त आयोजनामा नेपाल-भारत सिमाना जोडिएको मेची नदीको मुहानदेखि इलामको



निशान स्थापना गरिएको माईस्थान मन्दिरसम्मको पदमार्गको पहिचान गरी कार्यान्वयनका लागि तीनवटै पालिकाको कार्यपालिका बैठकबाट अनुमोदन भएपछि निशान पदमार्गमा पदयात्रासहित उद्घाटन गरिएको हो । मेची बजारबाट सुरु भएको पदयात्रा सूर्योदयको पूर्णेडाँडामा आज(बिहीबार) उद्घाटन गरी माइजोगमाईको हात्तीटारमा बास बस्ने कार्यक्रम छ ।

शुक्रबार निशान स्थापना भएको इलाम नगरपालिका-७ को माईस्थान मन्दिरमा पदयात्राको समापन गरिनेछ ।

नेपाल-अंग्रेज युद्धपछि विक्रम संवत् १८७२ फागुन २० गते भएको सुगौली सन्धिपश्चात् तत्कालीन नेपाली सेनाले इलाम सदरमुकाममा निशान ल्याउन प्रयोग गरिएको मार्गलाई नेपाली सेनाले समन्वय गरेको हो । यसअघि भारतको नागरीगडीदेखि नेपाल-भारत सीमा क्षेत्र सात माइल मेची मुहान, सिद्धिखोला, गैरीगाउँ, रम्फोक, नयाँचोक, जोगमाईखोला, हात्तीटार, माइवेनी, तिल्केनी हुँदै माईस्थान मन्दिरसम्मको जिआइएस नक्सा तयार गरी सार्वजनिक गरिएको थियो । नागरीगडीमा अझै पनि गडीमन्दिरलगायत ऐतिहासिक वस्तु रहेको अध्ययन टोलीले जनाएको छ ।

तत्कालीन समयमा गोर्खाली सेना फिर्ता भएको पदमार्ग भएकाले त्यतिबेलाका गोरेटो बाटोको पहिचान गरेर कायम भएको छ ।

यो पदमार्ग पर्यटकीय गन्तव्य बनी व्यावसायिक बन्ने विश्वास लिइएको इलाम नगरप्रमुख केदार थापाको भनाइ छ । तत्कालीन नेपाल-अंग्रेज युद्धपछि १८७२ फागुन २० मा भएको सुगौली सन्धिले पूर्वमा मेची नदीलाई नेपाल-भारत सीमा कायम भयो ।

त्यसपछि मिरिकस्थित नागरीगढीमा रहेको श्रीनाथ पल्टन अहिलेको सूर्योदय नगरपालिकाको पूर्णेडाँडामा आएर बसेको इतिहास छ । मेचीदेखि नागरीगढी हुँदै टिस्टासम्मको भू-भाग ४० दिनभित्र गडी खाली गर्ने सम्झौता भयो । सम्झौता कार्यान्वयन गर्दै सुब्बा जयन्त खत्रीले नागरीगढी खाली गरी सदरमुकाम पूर्णेडाँडा ल्याउनुभएको इतिहास छ । पूर्णेडाँडा भारतीय सीमा नजिक भएको र अंग्रेजले जुनसुकै बेला आक्रमण गर्न सक्ने भएकाले मुकाम खडा गर्ने क्रममा माइजोगमाई गाउँपालिकाको नामसालिङस्थित हात्तीटार हुँदै श्रीनाथ पल्टन इलाम नगरपालिका-७ स्थित माईस्थान मन्दिर ल्याइएको थियो । माईस्थान मन्दिर १८८० सालमा स्थापना भएको अनुमान छ । हाल निशान उक्त मन्दिरमा संरक्षण गरी राखिएको छ ।

# शताब्दियौँ पुरानो संरचना भेटिएपछि मन्दिरप्रति बढ्यो चासो

**हिमालय टाइम्स**

रौतहट, २४ पुस

रौतहटको सदरमुकाम गौर नगरपालिका-२ महादेवपटी गाउँमा रहेको वानेश्वरनाथ महादेव मन्दिरको परिसरमा शताब्दियौँ पुरानो संरचना भेटिएको छ । मन्दिर परिसरको उत्खनन्का क्रममा शताब्दियौँ पुरानो संरचना भेटिएपछि मन्दिरको ऐतिहासिकताप्रति स्थानीयवासीको चासो बढेको छ ।

पुरातत्त्व विभाग र गौर नगरपालिकाको सहकार्यमा भइरहेको उत्खनन् तथा अध्ययनका क्रममा जमिनमुनि चालिस इन्च चौडा गारो भएको घरको संरचना फेला परेको दाबी गरिएको छ । पुरातत्त्वविद् देवेन्द्रनाथ तिवारीले उक्त संरचना करिब सातसय वर्ष पुरानो रहेको अनुमान गर्नुभएको छ । पुरातत्त्व विभागका पुरातत्त्वविद् तिवारीकै नेतृत्वमा गत दुई हप्तादेखि भइरहेको अध्ययन, अनुसन्धान तथा उत्खनन्का क्रममा अन्य धेरै ऐतिहासिक महत्त्वका सामग्रीहरू प्राप्त भएका छन् । मन्दिर नजिकै तर परिसरबाहिर समेत उत्खनन् भएको हो । पहिलेदेखि नै स्थानीयवासीको विचारमा सिमरौनगढ राज्यको राजाको पालादेखिको मन्दिर रहेको छ । राजा सेवई सिंहको पालाको शिवमन्दिर रहेकोमा स्थानीयको विश्वास रहेको भन्दै नगरपालिकाले मन्दिरको ऐतिहासिकताको विषयमा आधिकारिक अध्ययन गर्न लगाएको हो । गौर नगरपालिका र विशेष गरी नगरप्रमुख शम्भु साहको विशेष पहलमा पुरातत्त्व विभागको टोली बीस दिनका लागि गौरको वानेश्वरनाथ महादेव मन्दिरको उत्खनन् र अध्ययन गर्न आएको बताउँदै पुरातत्त्वविद् तिवारीले नेपालमा पहिलोपटक इँटामा मानिसको हातको



औँलाको छाप भएको चिह्न भेटिएको बताउनुभएको छ । तिवारीको भनाइ छ- 'नेपालकै लागि यो एउटा उपलब्धि हो । अहिलेसम्म नेपालमा आफूले कुनै पनि संरचनामा नदेखेको कुरो यहाँ देखिएको छ ।'

पुरातत्त्वविद् तिवारीले उत्खनन्मा धेरै महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त भएको बताउनुभएको छ । जमिनको सतहभन्दा चार फिट तल उत्खनन् गर्दा फेला परेको गारोमा प्रयोग भएको इँटा २८ सेन्टिमिटर लम्बाइ, २० सेन्टिमिटर चौडाइ र ६ सेन्टिमिटर मोटाइको भएको तिवारी बताउनुहुन्छ । यसप्रकारको इँटामा सिमरौनगढको तत्कालीन साम्राज्यका समयको हुन सक्ने बताउँदै पुरातत्त्वविद् तिवारीले इँटा झण्डै सात सय वर्ष पुरानो भएको अनुमान गर्नुभएको छ ।

मन्दिर परिसर र मन्दिरपछाडि रहेको विश्वकर्मा मन्दिर नजिक पनि उत्खनन् गर्दा माटाका विभिन्न भाँडाहरू तथा विभिन्न किसिमका सामग्री पनि फेला परेका छन् । प्राप्त सबै सामग्री ऐतिहासिक दृष्टिकोणले निकै महत्त्वपूर्ण रहेका छन् । गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले मन्दिरको विषयमा पहिलेदेखि नै सर्वसाधारणमा जिज्ञासा रहेको बताउँदै गौरवासीको चाहनाअनुसार नै उत्खनन्को काम भइरहेको बताउनुभयो । आफूले गत दुई वर्षदेखि उत्खनन्का लागि पुरातत्त्व विभागसित समन्वय गरिरहेको बताउँदै नगरप्रमुख साहले दुई वर्षको औपचारिक प्रयासपछि उत्खनन्को काम भइरहेको बताउनुभयो । उत्खनन्मा नगरपालिकाले गरेको लगानीले सार्थक परिणाम दिइरहेको भन्दै नगरप्रमुख साहले खुसी व्यक्त गर्नुभएको छ ।

गौर नगर क्षेत्रमा वानेश्वरनाथ मन्दिरका साथै शिवालय मन्दिर र सोवर्णामाई मन्दिरलाई पनि स्थानीयवासीले ऐतिहासिक बताउँदै आएका छन् । वानेश्वरनाथ मन्दिरको ऐतिहासिकता अझ ऐतिहासिकरूपमा प्रमाणित हुने क्रममा पुगेकोमा नगररवासीले निकै खुसी व्यक्त गरेका छन् । उत्खनन् र अध्ययनका क्रममा अझ पुरानो संरचना तथा ऐतिहासिकता प्राप्त हुने विश्वास नगरवासीमा रहेको छ । स्थानीयको श्रद्धा र आस्थाको केन्द्रका रूपमा रहेको वानेश्वरनाथ मन्दिरको ऐतिहासिकता प्रमाणित भएसँगै भारतीय श्रद्धालुहरूको पनि चहलपहल बढेको छ । उत्खनन्को अवस्था बुझ्न तथा भेटिएको नयाँ संरचनालाई देख्न तथा मन्दिरमा दर्शन गर्न जानेको संख्या निकै बढेको पाइएको स्थानीयको भनाइ छ । पुरातत्त्व विभागकै आधिकारिक टोलीले नै शताब्दियौँ पुरानो संरचना बताएपछि स्थानीयमा मन्दिरप्रति झन् धेरै चासो बढेको पाइएको छ ।

## एमाले–माओवादी...

« पृष्ठ १ बाट क्रमशः

छ । एमालेमा भीम रावल, विन्दा पाण्डे, उषाकिरण तिम्सेनालगायत नेतासँग गरिएको व्यवहारको चर्चा गर्दै प्रचण्डले 'एमालेभित्र रहेका इमानदार, प्रगतिशील र वामपन्थी नेता कार्यकर्ताले हिसाब गर्नुपर्ने' बताउनुभएको छ ।

एमाले पार्टीप्रति मात्रै नभएर प्रचण्डले ओली नेतृत्वको सरकारको समेत आलोचना गर्नुभएको छ । माओवादी बैठकले नै संविधान संशोधनको नारा देखाएर सत्ता जोगाउने प्रपञ्च रचिएको आरोपसमेत लगाएको छ । विगतमा आफ्नो सरकारले थालेका सुशासनका प्रयासलाई ओली सरकारले अवरोध गरेको भन्दै वर्तमान सरकार आए पनि 'भ्रष्टाचार बढेको' टिप्पणी माओवादी प्रतिवेदनमा छ ।

कम्युनिष्ट पार्टीमा केन्द्रीय कमिटीबाट पारित राजनीतिक दस्तावेजमो विशेष महत्त्व हुन्छ । दुवै पार्टीले आफ्ना प्रतिवेदनमार्फत एकअर्काविरुद्ध प्रस्तावहरू पारित गरेका छन् । यस्तो अवस्थामा एमाले-माओवादी सम्बन्धमा अझ दरार पैदा हुने देखिन्छ ।

## कांग्रेसलाई राजनीतिक...

« पृष्ठ १ बाट क्रमशः

रणनीति कांग्रेसको हुने नै भयो । त्यसमा कांग्रेसले केही नगरी काम भइरहेको छ भने हामी त दुःखी छैनौ नि !', कांग्रेसका एक पदाधिकारले भन्नुभयो । उहाँका अनुसार नेपालमा कांग्रेस र एमालेबीचको सहकार्यलाई नै अझै केही समय लैजाने सहमति शीर्ष तहमा भइसकेकाले पनि एमाले-माओवादी मिल्ने सम्भावना कम छ । 'ओलीले २०८७ मा संविधान संशोधन गर्ने भन्नुभएको छ । संविधान संशोधन कांग्रेस-एमालेको साझा एजेण्डा हो । यसको अर्थ कम्तीमा २०८७ सम्म हामी मिल्छौं भन्ने नै हो', कांग्रेस नेताको भनाइ छ ।

## एमालेप्रति सकारात्मक...

« पृष्ठ १ बाट क्रमशः

कांग्रेसको बुझाई छ । 'माओवादीसँग हिजो गरिएका सहकार्य सुखद् भएनन् । एमालेसँगको सहकार्य दीर्घकालीन होस् भन्ने बुभाई कांग्रेस नेतृत्वको छ', एक कांग्रेस नेताले भन्नुभयो । ओली र देउवा पार्टी नेतृत्वमा रहँदासम्म अहिलेको गठबन्धन कुनै कारण समस्यामा नपर्ने कांग्रेस नेताहरूको दाबी रहँदै आएको छ ।

## दुई आयोग...

« पृष्ठ १ बाट क्रमशः

पदाधिकारी नियुक्ति र स्वायत्तताको व्यवस्थालगायतमा प्रश्न उठेपछि परेको रिटमा सर्वोच्चले केही व्यवस्था बदर गरेको थियो । त्यसयता करिब दशकसम्म ऐन संशोधनको हुनसकेको थिएन । तर, गत भदौमा संसद्बाट बेपत्ता पारिएका व्यक्तिको खोजबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक पारित गरेको थियो । विधेयक पारित भएर राष्ट्रपतिले समेत प्रमाणीकरण गरेपछि ऐन संशोधनका लागि भएको दशकको प्रयासले पूर्णता पाएको थियो । २०७१ सालमा जारी कानुनका केही व्यवस्था संक्रमणकालीन न्यायको सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्डविपरीत भएको भन्दै सर्वोच्चले बदर गरेको थियो । त्यसयता कानुन संशोधनका विभिन्न प्रयास भए पनि राजनीतिक कारणबाट असफल हुँदै आएको थियो ।

## एमाले बाधक...

« पृष्ठ १ बाट क्रमशः

ढिलाइ भएको माओवादी अध्यक्ष प्रचण्डको आरोप छ । 'एमालेले सरकारमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्कै कुरा गर्दै आएको छ । हामीसँग सहकार्यमा हुँदा अलि नरम र सहकार्य टुटेपछि धेरै गरम हुँदा टिआरसी अगाडि बढाउन पूरै ढिलासुस्ती भएको छ,' माओवादी केन्द्रीय समितिले पारित गरेको अध्यक्षको राजनीतिक प्रतिवेदनमा भनिएको छ ।

माओवादीको केन्द्रीय समितिले संक्रमणकालीन न्यायको सम्बन्धमा वर्तमान सरकार उदासिन रहेको निष्कर्ष निकालेको छ । 'शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्ने सन्दर्भमा देखिएको सरकारी उदासिनताप्रति आपत्ति प्रकट गर्दछ,' केन्द्रीय समितिबाट पारित प्रस्तावमा भनिएको छ, 'तत्काल सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकहरूको छानबिनसम्बन्धी आयोगहरूको गठन प्रक्रियाअगाडि बढाई शान्ति प्रक्रियाका बाँकी कार्य सम्पन्न गर्न जोडदार माग गर्दछ ।'

एमाले अध्यक्ष ओलीले भने आफ्नो राजनीतिक प्रतिवेदनमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पास भएर अगाडि बढ्नुलाई उपलब्धिको रूपमा व्याख्या गर्नुभएको छ । एमालेले पीडितलाई न्याय र पीडकलाई सजाय दिँदै शान्ति प्रक्रियाको अन्तिम कामलाई टुंगोमा पुऱ्याउने प्रतिबद्धता जनाएको छ । तर, आयोग गठनमा भने ढिलाइ भएको स्वीकार गरिएको छ ।

## टिआरसी टुंग्याउन...

« पृष्ठ १ बाट क्रमशः

नै हो । त्यहाँ कन्फ्युज हुनुपर्ने कुरा केही छैन,' उहाँले भन्नुभयो, 'पीडितहरूले पटकपटक यो विषयलाई उठाइराख्नू, जरुरी पर्दा सडकमा पनि जाने तयारी गर्नू । किनकी अन्तिममा चाहिँ त सडक नै हुने हो कि जस्तो लाग्छ मलाई ।' कानुनीभन्दा पनि राजनीतिक विषयका कारण शान्ति प्रक्रियाका बाँकी काम टुंगिन बाँकी रहेको उहाँले बताउनुभयो । शान्ति प्रक्रियाका बाँकी काम माओवादी तह लगाउने अन्तिम अस्त्र बनाइएको उहाँको भनाइ थियो । 'एउटा प्रवृत्ति यो विजनेस किन टुंग्याउनु भन्नेछ । अर्को राजनीतिक प्रवृत्ति माओवादीलाई तह लगाउने अब अन्तिम बाँकी रहेको यही छ, किन टुंग्याउनु र ? माओवादी सिध्याएरमात्रै अनि के गर्नुपर्छ, गरौंला भन्ने छ,' अध्यक्ष प्रचण्डले भन्नुभयो । पीडितहरू एकताबद्ध भएर राज्यलाई र राजनीतिक नेतृत्वलाई अब त नसोचे बरबाद हुनेभयो भन्ने ठाउँमा नपुऱ्याएसम्म अर्को १८ वर्षसम्म शान्ति प्रक्रिया टुंगो नलाग्ने उहाँले बताउनुभयो । 'एकताबद्ध भएर पीडितले सडकबाट दबाब नदिए टिआरसी अर्को १८ वर्ष जान बेर छैन । राजनीतिक दबाब दिन जरुरी छ । प्रेसर भए टुंगोमा पुग्न सक्छ,' उहाँले भन्नुभयो, 'म दबाब बढाउने ढंगले सोच्दै छु । सदन, सरकार र सडकबाट दबाब दिने तयारीमा छु ।' टिआरसी अघि बढाउन दबाब दिन प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवालाई छिट्टै भेट्ने उहाँले बताउनुभयो ।

## शान्ति प्रक्रियालाई...

« पृष्ठ १ बाट क्रमशः

भएको दस्तावेजमा पनि शान्ति प्रक्रियालाई निष्कर्षमा लैजाने विषय उल्लेख छ,' उहाँले भन्नुभयो, 'शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सरकार र विपक्षी दल एक ठाउँमा उभिनुपर्छ ।' कार्यक्रममा पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले संक्रमणकालीन न्यायलाई टुंग्याउन कानुनी पक्षलाई मात्र नहेरी द्वन्द्वपीडित दुवैपक्षबीच सहमति एवं विश्वासको वातावरण बन्नुपर्नेमा जोड दिनुभयो । नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषय टुंग्याउन विलम्ब भएमा मुलुकको छवि अन्तर्राष्ट्रिय रूपमा धुमिल हुने बताउनुभयो ।

## विपिनको रिहाइका...

« पृष्ठ १ बाट क्रमशः

जानकारी गराउनुभएको छ ।

सन् २०२३ को अक्टोबरमा इजरायली भूमिमा आक्रमण गरी प्यालेस्टाइनी हमास समूहले १० जना नेपालीसहित एक हजारभन्दा बढी व्यक्तिको हत्या गरेका थिए । त्यसलगत्तै उनीहरूले केही व्यक्तिलाई अपहरण गरी लागेकामा विपिन जोशी पनि हुनुहुन्छ । उनीहरूमध्ये ३४ जनालाई हमास समूहले मुक्त गर्न लागेको जनाइएको छ । विपीनको रिहाइका लागि सरकारले आफ्ना कूटनीतिक प्रयास जारी राखेको छ । संयुक्त राष्ट्रसंघ, विभिन्न अन्तर्राष्ट्रिय एवं क्षेत्रीय मञ्चहरूका साथै विभिन्न द्विपक्षीय एवं बहुपक्षीय बैठकमा समेत परराष्ट्रमन्त्री राणाले अन्तर्राष्ट्रिय समुदायलाई विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गर्दै आउनुभएको छ ।

**आज वि.सं. २०८१ पौष २५ गते बिहीबार, ई.सं. २०२४ जनवरी ९, तिथि–पौष शुक्लपक्ष दशमी, ११:४४ बजेपछि एकादशी, भरणी–नक्षत्र, साध्य–योग, गर–करण, चन्द्रराशि–मेष, सूर्योदय–६:५८, सूर्यास्त–१७:२४ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

- मेष : तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ ।
- वृष : सरकारी कडिकडाउको शिकार भइनेछ ।
- मिथुन : आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ ।
- कर्कट : शत्रुले पनि काममा साथ दिने परिस्थिति बन्नेछ ।
- सिंह : हिम्मतले काम लिन नसक्दा केही पछि परिनेछ ।
- कन्या : आश्वासन दिनेहरूबाट नै धोका पाइनेछ ।
- तुला : बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्ने मौका छ ।
- वृश्चिक : प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ ।
- धनु : लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।
- मकर : आफन्त वा साथीभाइले गर्नैपर्ने काममा समेत सघाउ पुऱ्याउने छैनन् ।
- कुम्भ : विवादले खिन्न बनाए पनि आत्मबल र हौसलामा कमी आउने छैन ।
- मीन : अरूका काममा महत्त्वपूर्ण समय बित्न सक्छ ।

## रविसहित सबै...

« पृष्ठ १ बाट क्रमशः

सूर्यदर्शन सहकारी प्रकरणमा पुस ५ गते थप र ७ गते पूरक अभियोजन गर्दा गर्दै एक अर्ब ५१ करोड रुपैयाँ माग दाबी गरिएको छ । सभापति लामिछानेमाथि सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमासमेत मुद्दा दायर भएको छ । सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ । सभापति लामिछानेसहित १९ जनाविरुद्ध संगठित अपराधमा समेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ । यस्तै, लामिछानेसँगै खनाल, जोशी र पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

### स्वर्णलक्ष्मी सहकारी ठगीमा पक्राउ परेका दुवैजना धरौटीमा रिहा

काठमाडौंको थापाथलीस्थित स्वर्णलक्ष्मी सहकारी ठगीको आरोपमा पक्राउ परेका दुवैजना धरौटीमा रिहा भएका छन् । अभियोगपत्रसाथ पेस गरिएका सहकारीको सञ्चालक समिति सदस्य कमल लामा र लेखा सुपरीवेक्षण सदस्य सुनिता नेवा धरौटीमा रिहा भएका हुन् । जिल्ला अदालत काठमाडौंका न्यायाधीश पदमराज पाण्डेको इजलासले अदालतमा अभियोगसाथ पेस गरिएका दुवै जनासँग धरौटी माग गरेको थियो ।

सुनिता चार लाख र कमल तीन लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएको अदालतका स्रेस्तेदार रामु शर्माले जानकारी दिनुभएको छ । उनीहरूलाई जिल्ला प्रहरी परिसर काठमाडौंले कात्तिक २० गते पक्राउ गरेको थियो । यही मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित ३७ जना प्रतिवादीको हकमा भने थुनछेक आदेश हुन बाँकी छ । जिल्ला अदालत कास्कीमा थुनछेक आदेश भइसकेपछि लामिछानेसहितका केही प्रतिवादीहरूलाई उपस्थित गराउने प्रहरीको तयारी छ । स्वर्णलक्ष्मी सहकारी ठगीमा दुई अर्ब ४१ करोडभन्दा बढी बिगो कायम गर्दै मुद्दा दायर गरिएको छ । लामिछानेलाई पाँच करोड आठ लाख रुपैयाँ बिगो तोकिएको छ ।

### लेखा समिति सभापति पोखरेलकी श्रीमती अञ्जलालाई धरौटीमा छाड्न अदालतको आदेश

प्रतिनिधि सभाको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइरालालाई धरौटीमा छाड्न अदालतले आदेश दिएको छ । मोरङको धनपालथानस्थित उमागौरी सहकारी संस्थाको ठगी प्रकरणमा मुछिनुभएकी कोइरालालाई बुधबार धरौटीमा छाड्न अदालतले आदेश दिएको हो । गत मंसिर २७ गते सहकारीको २२ करोड ४८ लाख २७ हजार सात सय रुपैयाँ हिनामिना प्रकरणमा दोषी करार गर्दै जिल्ला सरकारी वकिलको कार्यालय मोरङले मुद्दा दायर गरेपछि फरार रहेकी अञ्जला बुधबार अदालतमा उपस्थित हुनुभएको थियो । कोइराला बुधबार बिहान अदालत खुल्ने समयमै हाजिर हुनुभएको थियो ।

जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासमा बयानपछि थुनछेक बहस भएको थियो । अदालतले उहाँलाई १० लाख धरौटीमा छोड्न आदेश दिएको हो । सो प्रकरणमा धनपालथान-४ का पूर्ववडाध्यक्ष रोशन राजवंशीलाई अदालतले पुर्पक्षका लागि जेल चलान गरेको थियो भने रंगेली नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष सन्तलाल खवासलाई पाँच लाख रुपैयाँ धरौटीमा छाडेको थियो । सहकारी ठगी प्रकरणमा अध्यक्ष श्यामकुमार रौनियारसहित २६ जनाविरुद्ध मुद्दा दायर भएकोमा २३ जना अझै फरार छन् ।

### धनराज गुरुङसँग सीआईबीको साढे चार घण्टा सोधपुछ

ललितपुरको मितेरी सहकारी ठगीका आरोपित कांग्रेस उपसभापति एवं पूर्वमन्त्री धनराज गुरुङसँग प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले मंगलबार साढे चार घण्टा सोधपुछ गरेको छ । पूर्वमन्त्री गुरुङले सहकारीबाट लिएको ऋण र भ्रष्टाचारी ठहर भएका व्यापारी मीनबहादुर गुरुङसँग भएको 'शंकास्पद कारोबार'का सम्बन्धमा सीआईबीले सोधपुछ गरेको हो । सत्तारुढ कांग्रेसका सांसदसमेत रहनुभएका पूर्वमन्त्री गुरुङसँग यसअघि कात्तिक अन्तिम साता पनि सीआईबीले बयानी कागज गरेको थियो ।

सहकारी ठगीकै अनुसन्धानका क्रममा नेता गुरुङ र भ्रष्टाचार अभियोगमा विशेष अदालतबाट दोषी ठहर भएका भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङबीच २०८१ वैशाखमा संदिग्ध आर्थिक कारोबार भएको खुलेको थियो । त्यसपछि नेता गुरुङमाथि शंकास्पद लेनदेन र सहकारी ठगी दुवैमा सीआईबीले अनुसन्धान जारी राखेको छ । मितेरी सहकारीमा केही वर्षअघिसम्म नेता गुरुङकी श्रीमती ज्योति गुरुङ महाप्रबन्धक थिइन् । महाप्रबन्धक रहेकै बखत सहकारीको बचत रकम अपचलन गरी उनी भागेकी थिइन् ।

ज्योति र अर्का आरोपित ज्योतिबहादुर भण्डारी रकम अपचलन गरेर फरार भएपछि दुवैजनालाई प्रहरीले 'इन्टरपोल'मार्फत 'रेड नोटिस'मा समेटेर फरार सूचीमा राखेको छ । उनीहरू फरार भएपछि मात्र उक्त सहकारीको बचत ठगी प्रकरण बाहिरिएको थियो । नेता गुरुङले सहकारीबाट लिएको ऋण घर बेचेर तिरेको र पछि व्यापारी गुरुङबाट पनि ऋण तिर्नकै लागि करिब एक करोड रुपैयाँ लिएको विषय बाहिरिएपछि सीआईबीले अनुसन्धान झन् गहिरो बनाउँदै लगेको छ । सहकारीलाई तिर्न बाँकी ९१ लाख २६ हजार १४ रुपैयाँ २०८१ वैशाखमा एकैचोटि भुक्तानी गरेको दाबी नेता गरुङको छ ।

## अर्थतन्त्रलाई थप...

« पृष्ठ १ बाट क्रमशः

स्थलमार्गबाट आउने भारतीय पर्यटकलाई थप सहजीकरण गर्ने विषयमा सुझाव दिइएको छ । चालु आर्थिक वर्ष नयाँ ठेक्का नलगाई निर्माण सम्पन्न कामहरूको भुक्तानीलाई प्राथमिकता दिने, बहुवर्षीय ठेक्का लागेर सिर्जित दायित्व पूरा गरेर बजेट उपलब्ध हुनसक्ने भएमात्र नयाँ आयोजनाहरू आउने वर्षको बजेटमा राख्न सुझाव दिइएको छ । सरकारले विभिन्न क्षेत्रमा प्रदान गरेको अनुदानले उत्पादन र रोजगारीमा पारेको प्रभावको आधारमा स्रोतको उपलब्धतालाई मध्यनजर गर्न र सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रममा पुनरावलोकन गर्न पनि सुझाव दिएको छ ।

कोभिड अगाडि राम्रो अवस्थामा रहेको व्यवसाय अहिले समस्यामा रहेको तर पछि सुधार हुने अवस्था रहेमा विषय हेरिकन एक वर्षसम्म कर्जा पुनर्तालिकीकरण गर्न अवसर दिने, घरजग्गाको बजार शिथिल रहेको र बैंकहरूको गैरबैंकिङ सम्पत्ति बढ्दै गएको सन्दर्भमा सार्वजनिक निजी साझेदारीमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्न आवश्यक कानुन जारी गर्न आयोगको सुझाव छ । प्रतिवेदनमा सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि पनि सुझाव दिइएको छ ।

बचत तथा ऋण सहकारी संस्थाहरूको कार्यक्षेत्र एक स्थानीय तहको भौगोलिक क्षेत्रभन्दा बढी हुन नदिने गरी कानुनी व्यवस्था गर्ने, सहकारी संस्थाले कम्पनीलाई वा कुनै संगठित संस्थालाई सदस्य बनाउन निषेध गर्ने, प्राकृतिक व्यक्तिमात्र सदस्य हुनपाउने व्यवस्था गर्ने, बचत तथा ऋण सहकारी संस्थाहरूमा वित्तीय संस्थामा जस्तै एकल कर्जा सीमाको कानुनी व्यवस्था गर्ने लगायत सुझाव दिइएको छ । त्यस्तै यस्ता संस्थाले तत्कालका लागि कुल चुक्ता पुँजीको १० प्रतिशत भन्दा बढी एउटै व्यक्तिलाई गर्न नपाउने व्यवस्था गर्न सुझाइएको छ ।

आयोगले चालु आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न १० करोडभन्दा बढी रकम विनियोजन भएका सबै आयोजनाको नियमित अनुगमन र स्थलगत रूपमा समस्याको समाधान गर्ने अधिकार सम्पन्न टोली परिचालन गर्नुपर्ने लगायत सुझाव दिएको छ । सरकारले अर्थतन्त्रबारे सुझाव दिन गत असोजको तेस्रो हप्ता विज्ञ र निजी क्षेत्रको प्रतिनिधित्व रहने गरी उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेको थियो ।

# बाढीपीडित विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



**काठमाडौं ।** नेपाल युवा परिषद्ले काभ्रेको रोशी गाउँपालिकाका बाढीपहिरो पीडित विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू वितरण गरेको छ । बिगत १३ बर्षदेखि युवाहरूको क्षेत्र क्रियाशिल युवा सशक्तिकरण, जलवायु परिवर्तन, युवा उद्यमशीलता लगायका क्षेत्रका कार्य गर्दै आइरहेको परिषद्ले गत असोज दोस्रो साता गएको बाढीपहिरोबाट पीडित परिवारका विद्यार्थीलाई शैक्षिक सामाग्रीहरू वितरण गरिएको संस्थाका केन्द्रीय अध्यक्ष सरोज बानियाँले जानकारी दिनुभयो ।

वाढीले रोशी गाँउपालिकामा ठूलो परिणाममा भौतिक र मानवीय क्षति भएको थियो । त्यसमा पनि बिभिन्न सामुदायिक बिद्यालयहरूको भौतिक क्षतिले त्यस बिद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक जिवनमा नै असर पर्ने पो हो की भन्ने आशयका साथ नेपाल युवा परिषद र मास्टरपीस एनवाईसीको अगुवाईमा, लायन्स क्लब इको फ्रेण्डी, चिनारी नेपबाल, रैथाने एग्री प्रोडक्टस् नेपाल र लुम्बिनी विश्व शान्त मञ्चको संयुक्त पहल कदमीमा रोशी गाउँपालिकाको बाढीपहिरो प्रभावित विद्यार्थीहरूलाई शैक्षिक सामाग्रीहरू वितरण गरिएको अध्यक्ष बानियाँले बताउनुभयो । शैक्षिक सामाग्री वितरण कार्यक्रममा नागरिक समूहका अध्यक्ष निगम हुमागाईंले शिक्षाको उज्यालो घामबाट विद्यार्थी भाईबहिनीहरूलाई समाजसँग जोड्न सक्नुपर्छ र विद्यार्थी भाईबहिनीहरूले पनि समाजलाई आफूले सक्दो सहयोग गर्न सक्नुपर्छ भन्दै काभ्रे जिल्लावासीको तर्फबाट पनि नेपाल युवा परिषदलाई धन्यबाद व्यक्त गर्नुभयो ।

बि.सं. २०७२ को महाभूकम्पबाट प्रभावित बिभिन्न जिल्लाका बिद्यालय तथा विद्यार्थीहरूलाई शैक्षिक सामाग्रीहरू वितरण गरको परिषद्ले आगामी दिनहरूमा पनि यस्तै प्रकोपमा परेका विभिन्न स्थानहरूमा समेत शैक्षिक सामाग्रीहरू वितरण गर्ने लक्ष्य राखिएको बानियाँले बताउनुभयो ।

# इलामको सिमाना डाँडा पर्यटकहरूको रोजाइमा



**प्रकाश नेपाल/हिटा**

इलाम, २४ पुस

इलामको सूर्योदय नगरपालिका-२ स्थित सिमाना डाँडा पर्यटकहरूको गन्तव्यस्थल बनेको छ । स्थानीयवासीले परिवारका सदस्यको मृत्युपछि अन्तिम संस्कार गर्ने सिमाना डाँडा पछिल्लो समय विश्वभरबाट दैनिक पुग्ने पर्यटकहरूको गन्तव्यस्थल बनेको हो । १० वर्षअघिसम्म सिमाना डाँडा स्थानीयवासीले आफ्ना परिवारका सदस्यको मृत्यु भएपछि अन्तिम संस्कार गर्ने क्षेत्र थियो । मृत आत्माको घरले भरिएको सिमाना डाँडामा एक्लै त के सामूहिकरूपमा जोकोही पुग्न डराउँथे ।

तर, अहिले सिमाना डाँडा दैनिक सयौं पर्यटकहरूको गन्तव्यस्थल बनेको छ । नेपाल-भारत सीमा क्षेत्रमा रहेको सिमाना डाँडामा भारतबाट दैनिक हजारौंको संख्यामा पर्यटक पुग्छन् । नेपालबाट भारतीय बाटो हुँदै सीमा क्षेत्रमा पुग्ने पर्यटकको संख्या सयौंको छ । सिमाना डाँडा भारतको पर्यटकीय शहर दार्जिलिङ भ्रमण गर्ने पर्यटकको एक गन्तव्य बनेको हो । सूर्योदय नगरपालिका-१० फिक्कलबाट सिमाना पुगेका पर्यटक प्रवीन तिमल्सिनाको भनाइमा सिमाना पर्यटकीय गन्तव्य बन्छ भन्ने कल्पना थिएन ।

भारतको पश्चिम बंगालको सिलिगुडी हुँदै दार्जिलिङ घुम्न पुग्ने पर्यटकले सिमाना डाँडा छुटाउँदैनन् । नेपाल-भारतको दशगजा क्षेत्रमा रहेको सिमाना डाँडा आफैंमा प्राकृतिक टावर हो । डाँडाबाट नेपाल-भारतको सीमा क्षेत्रको ऐतिहासिक शहर मानेभञ्ज्याङसँगै थुप्रै भू-भागको दृश्यावलोकन गर्न पाइन्छ ।

अझ यहाँ पर्यटक लोभिनुमा आँखैअगाडि देखिने कञ्चनजंघा र कुम्भकर्ण हिमालको दृश्य हो । चिसो हावापानीसँगै अन्तर्राष्ट्रिय सीमा क्षेत्र, प्राकृतिक सुन्दरता र हिमशृंखलासँग रमाउन पाउँदा भारतबाट आइपुग्ने पर्यटक खुसी हुने गरेका छन् । १० वर्षअघिसम्म पर्यटक भ्रमण गराउन खटिएका गाडी चालक र गाइडले पर्यटकलाई रिफ्रेस बनाउन ५ मिनेट गाडीबाट ओराल्थे । पर्यटकहरूको चहलपहल भएको मौका छोपी स्थानीय एक महिलाले चिया पसल खोलिन् । क्रमश: स्थानीयवासीले व्यवसाय सञ्चालनका लागि टहरा बनाए । त्यससँगै सिमाना पर्यटकहरूको गन्तव्यमात्रै भएको छैन, स्थानीयका लागि आयस्रोतको माध्यम पनि बनेको छ ।

# २० जना फरार प्रतिवादी पक्राउ

**रौतहट ।** रौतहट प्रहरीले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएका विभिन्न मुद्दाका २० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय तथा मातहतबाट खटिएको टोलीले खोजतलास गरी पक्राउ गरेको हो । रौतहट प्रहरी निरीक्षक रामकुमार महतोका अनुसार अदालतको फैसला कार्यान्वयनअन्तर्गत फरार प्रतिवादीलाई पक्राउ गरी आवश्यक कारबाहीका लागि रौतहट जिल्ला अदालतमा पठाइएको छ । पक्राउ पर्नेमा जालसाजी मुद्दाका अभियुक्त धेरै रहेको उहाँले जानकारी दिनुभयो । जालसाजी मुद्दामा हुलासदास तत्मा, दीपलाल दास, जयलालदास तत्मा, अखिलेन्द्र कुमार, सुखलाल महरा, फेकु महरा चमार, प्रेमचन्द्र महरा चमार, दशरथदास तत्मा, शिवदास तत्मा, सुनरपतिया तात्मिनी र विजयदास तत्मा रहेको उहाँले बताउनुभयो । लेनदेन मुद्दाका आरोपी रामप्रवेश साह तेली र राजकुमार साहलाई पक्राउ गरिएको प्रहरी निरीक्षक महतोले जानकारी दिनुभयो । कुटपिटमा बेनी राय, टैट राय, चोरीमा हरिशंकर राय यादव, चोरी तथा डाँकामा हरिशंकर राय यादव, सवारी ज्यानमा जितेन्द्रप्रसाद जयसवाल र बिगोमा गौरीशंकर साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## Sanni Triveni Rural Municipality

**Office of the Rural MunicipalityExecutive**
**Mehalmudi, Kalikot**
**Karnali Province, Nepal**

## Invitation For Sealed Quotation

**Second Date of Notice Publication: 2081/09/25 ( 9 January 2025)**

1. **Sanni Triveni Rural Municipality office Mehalmudi, Kalikot** invites electronic Bids From registered Suppliers for the construction of following Project.

| S. N. | Contract Identification Number | Work Description / Name of Project | Estimate Amount inclusive of VAT, (NRs.) | Bid Security amount (NRs.) | Bid Security Validity Period | Bid Purchasing Fees in (NRs.) | Last date of Submission bid Document |
|---|---|---|---|---|---|---|---|
| 1 | STRM/G/SQ/ PSSPCS/ 01/2081/082 | Procurement and Supply of Sanitary Pad for Community School | 15,75,000.00 | 46,000.00 | 75 Days | 1000 | 2081/10/11 (24 January 2025) 12:00PM. |

2. Eligible Suppliers may obtain further information and the bidding document at the office of **Sanni Triveni Rural Municipality, Office of the Rural Municipality Executive ,Mehalmudi,Kalikot** , Mobile No:-**9848215358** Or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document stated in the above table in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of Bank :** Sanima Bank Branch Office Mehalmudi,Kalikot

   **Name of Office:-** Sanni Triveni Rural municipality Office ,Mehalmudi,Kalikot

   **Office Code no :-** 80665506300

   **Internal Revenue Account no :-** 073010040000003 **Dharauti Khata no :** 073010020000005
4. Pre bid meeting shall be not held.
5. Electronic bids must be submitted through e-GP System i.e **www.bolpatra.gov.np/egp**. On or before **2081/10/11 ( 24 January 2025) 12:00PM** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of bidders representatives who choose to attend at **2081/10/11 ( 24 January 2025) 2:00 PM.** at **Sanni Triveni Rural Municipality ,Office of the Rural Municipality Executive Mehalmudi, Kalikot..**
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in **Deposit Account No. 073010020000005** ,**Sanni Triveni Rural municipality office** on **Name of Bank Sanima Bank** submit bank deposit voucher along with the bids or Bank guarantee favour of **Sanni Triveni Rural Municipality office.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**



## सम्पादकीय

# जिम्मी कार्टर, मनमोहन सिंह र विन्देश्वरी शाहप्रति

गत हप्ता तीनवटा साना ठूला देशले तीनजना महत्त्वपूर्ण व्यक्ति गुमायो। उहाँहरू हुनुहुन्थ्यो : अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टर, भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह र नेपालको कूटनीतिक क्षेत्रमा प्रख्यात विन्देश्वरी शाह। अमेरिका जस्तो विकसित, महाशक्ति राष्ट्रको प्रमुख कार्टर नेपाल जस्तो सानो देशका मित्र हुनुहुन्थ्यो। सन् १९७७ तिर बीपी कोइरालालाई जेलमा राख्ने निर्दलीय सत्तालाई उहाँले राष्ट्रपतिकै स्थानबाट दबाब दिनुभएको थियो। वाटरगेट काण्डले आहत भएको अमेरिकी लोकतन्त्रलाई मानव अधिकारको सही लिक र लोकतन्त्रको सही अभ्यासतर्फ डोऱ्याउन कार्टरको योगदान महत्त्वपूर्ण थियो। साम्यवादी देश चीनसँगको कूटनीतिक सम्बन्धलाई उहाँले जति महत्त्व दिनुभएको थियो त्यति नै मानव अधिकारको प्रश्नमा उहाँ दृढ रहनुभयो। त्यस समय अर्को महाशक्ति राष्ट्र सोभियत संघ भए पनि कार्टर असहज हुनुभएको थिएन। रुससँग पनि उहाँको सम्बन्धको आधारलाई मानव अधिकारसँग जोड्ने गर्नुहुन्थ्यो।

अमेरिकाको राष्ट्रपतिले अमेरिकी स्वार्थविपरीत जाने अवस्था हुँदैन। अमेरिकी स्वार्थको परिधिभित्रै रहेर सायद उहाँले संसारमा मानव अधिकारको विषयलाई प्रमुखताकासाथ उठाइरहनुभयो। कार्टरलाई अन्तर्राष्ट्रिय रूपमा चर्चित, गरिमामय पुरस्कार नोवल पुरस्कार समेत प्राप्त हुनुले उहाँको दृढता र मानव अधिकारप्रति विश्वव्यापी आग्रहनै मुख्य कारण हुनसक्छ। कार्टरले नेपालमा लोकतान्त्रिक संस्कृतिलाई उच्च महत्त्व दिनुभएको थियो। कार्टर फाउण्डेशनमार्फत नेपालमा लोकतन्त्र, मानव अधिकारको स्थापना, विकास तथा सामाजिक न्याय र लोकतान्त्रिक संस्कृतिको विस्तारमा सहयोग पुऱ्याउनुभएको सबैलाई जानकारीमा छ। लोकतन्त्रको जग निर्वाचनको स्वच्छता र निष्पक्षतामा निर्भर रहन्छ भन्ने सार्वजनिक सत्यतालाई अनुभव गर्दै विगत वर्षका राष्ट्रिय निर्वाचनहरूमा कार्टर फाउण्डेशनले पर्यवेक्षणको कामसमेत गर्दै आएको छ। स्वयं राष्ट्रपति कार्टर निर्वाचन पर्यवेक्षण क्रममा नेपाल आउनुभएको बिर्सन सकिँदैन। सदा हँसिलो, सहयोगी भावको, नेपाल र नेपालीप्रति सदा सहयोगी तत्कालीन राष्ट्रपति कार्टरको निधनले निश्चय पनि नेपालीहरूलाई दुखित तुल्याएको छ।

छिमेकी मित्र राष्ट्र भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह धेरै अर्थमा नेपालीहरूले स्मरण गरिरहनुपर्ने नामभित्र पर्छ। नेपालमा द्वन्द्व र हिंसाको चरम मार भइरहेको समयमा हिंसालाई शान्तिपूर्ण लोकतान्त्रिक अवतरणमा ल्याउन उहाँसहित उहाँले नेतृत्व गरेको सरकारले निष्पन्न गरेको भूमिकाको स्मृति धेरैको मनमा ताजै छ। हुन त पहिलो चरणको आरम्भ जुन रूपमा भए पनि, विकसित जसरी भए पनि २०५२ देखि २०६२ सम्म नेपालमा भएको हिंसाले भारतको पनि टाउको दुखाउने अवस्था देखिएको थियो। फरक तरिकाले हिंसालाई सहयोग गरेको भारतीय नेतृत्वले अन्ततः यसको समाधानमा पहल गर्दा प्रधानमन्त्री मनमोहन सिंहको सकारात्मक सोच अवश्य प्रतिबिम्बन भएको मान्नुपर्ने हुन्छ।

मनमोहन सिंहले नेतृत्व सम्हाल्दा भारतीय अर्थतन्त्र डाँवाडोल भएको विश्लेषण थियो। अर्थशास्त्रका ज्ञाता, अर्थ कूटनीतिमा निपूण र अत्यन्त शालीन मनमोहन सिंहको नेतृत्वले भारतीय अर्थतन्त्रको मजबुत आधार खडा गरेको देखिन्छ। सदा प्रतिस्पर्धी चीनले माओ सेतुङकालको गरिबीबाट उक्सिने प्रयत्न गरिरहेको समय भारत भने दिनप्रतिदिन आर्थिक मन्दीको भाषमा पर्दै थियो। चीनले माओको आर्थिक नीतिलाई देङ सियाओपिङको वैचारिक पद चिह्न अंकुरित गरेपछि समृद्धिको शिखरतर्फ लागेको समयमा भारतको अवस्था नाजुक थियो। तर, मनमोहन सिंहको आर्थिक सुधारनीति प्रभावकारी भयो र डेढ दशकभित्रैमा भारत औद्योगिक, सामरिक, कृषि, प्रविधि हर क्षेत्रमा उन्नत भएको अवस्था छ। वार्षिक आर्थिक वृद्धिदर यतिखेर चीनकै हाराहारीमा भारतको हुनुका पछि मनमोहन सिंहको चिन्तन, योजना र ज्ञानको भूमिका छ भन्ने यथार्थ निःसन्देह स्वीकार गर्न सकिने विषय हो। भारत–नेपालको सँधियार भएको हुनाले कतिपय सन्दर्भमा प्रशस्त मतभेद रहेका छन्। तर भारतीय नेतृत्वमा सकारात्मक सोच भएका अवस्थामा ती सोच गौण हुने छन् भन्नेमा नेपालीहरूको विश्वास छ। मनमोहन सिंहको देहमुक्तिले दक्षिण एसियाले एक शालीन विद्वान्, नेपालले एक सहयोगी र भारतले आफ्नो आर्थिक सुधारका एक अनन्य व्यक्तित्व गुमाएको छ।

नेपाल भौगोलिक हिसाबले, तुलनात्मक विकास र जनसंख्याको हिसाबले, प्रविधिको दृष्टिकोणले स–सानो देश भए पनि भौगोलिक रणनीतिक अवस्थितिका कारण अत्यन्त महत्त्वपूर्ण छ भन्नेमा कुनै द्विविधा छैन। यो भू–अवस्थितिको जटिलताका कारण उत्तर–दक्षिणसँगका नेपालका सम्बन्धहरू पनि जटिल छन् भन्ने तथ्य नेपालीहरूले सदाकाल अनुभव गरिरहनुपर्ने विषय हो। त्यसमा पनि नीतिगत विवाद भएको समयमा कूटनीतिक क्षेत्रमा होस् कि राजनीतिक नेतृत्वमा होस् काम गर्न अति संवेदनशील नभई हुँदैन। भावनाको धरहरा चढेर संवेदनशील समस्याको सामना गर्न सकिँदैन। यस्तोमा कूटनीतिक सामर्थ्य जरुरी पर्छ। नेपालको अत्यन्त जटिल सम्बन्ध रहेको समयमा भारतका लागि नेपालको राजदूत भएर विश्वासपूर्वक प्रतिभा देखाउनु भएकी विन्देश्वरी शाहको पार्थिव अवशान भएको छ। विसं २०४५/०४६ को अवस्था कस्तो थियो भन्ने अनुभव गर्नेहरूको संख्या घट्दै गए पनि विन्देश्वरीको योगदान सदा स्मृतिमा रहने हुन्छ।

विन्देश्वरी शाह आजका प्रख्यात बैंकर्स अनिल शाहकी आमा, डा.नारायण केशरी शाहकी पत्नी अथवा राजनीति, मानव अधिकार र कूटनीतिक क्षेत्रका स्वनामधन्य व्यक्तित्व ऋषिकेश शाहकी भाइ बुहारी भनेरभन्दा पनि देशको प्रतिभाशाली विदुषी र कूटनीतिक क्षेत्रकी मूर्धन्य विज्ञ भनेर चिनिनुहुन्छ। भारतमा जन्मेर अमेरिकाका ख्यातिप्राप्त विश्वविद्यालयहरूबाट शैक्षिक उपाधि हासिल शाह सन् १९५९ मा परराष्ट्र सेवामा प्रवेश गर्नुभएको थियो। त्यो समयमा बीपी कोइरालाको नेतृत्वमा नेपाली कांग्रेसको सरकार थियो। ०१७ को निर्दलीय परिवर्तनपछि जुन समयमा अमेरिकाका लागि नेपाली राजदूत मातृकाप्रसाद कोइराला हुनुहुन्थ्यो त्यो समयमा शाहले अमेरिकामा समेत कूटनीतिक भूमिका निर्वाह गर्नुभएको थियो।

शाहले सन् १९७१ मा बंगलादेशको जन्म भएपछि कार्यवाहक राजदूतको भूमिका निभाउनुभयो र सन् १९८८ मा भारतका लागि राजदूत नियुक्त हुनुभयो। भारतले व्यापार तथा पारवहन सन्धि पुनःनवीकरण गर्न अनाकानी गर्दै नेपालमा नाकाबन्दी लगाउने तयारीमा थियो। तर तत्कालीन नेपालका राजा वीरेन्द्र, प्रधानमन्त्री मरिचमान सिंहदेखि राजदूत विन्देश्वरी कसैले पनि भारतीय सर्तलाई स्वीकार नगरेपछि भारतले एक वर्षभन्दा बढी समय नाकाबन्दी लगाएको थियो। त्यति कठिन समयमा शाह भारतको नयाँदिल्लीमा नेपाल–भारत सम्बन्धका तिक्तता अन्त्य गर्न, नेपालको स्वाभिमान गिर्न नदिन प्रयत्नरत हुनुहुन्थ्यो। नाकाबन्दीकै बेला नेपालमा बहुदल स्थापित गर्न अवसर जुट्यो र उहाँलाई ०४७ पछि पहिलो निर्वाचित सरकारले फिर्ता बोलायो। तीस वर्षे सेवाअवधिको निर्णय गर्दै तत्कालीन गिरिजाप्रसाद कोइराला सरकारले धेरै राष्ट्रसेवक कर्मचारीहरूलाई अवकाश दिएपछि शाह पनि सेवानिवृत्त हुनुभएको थियो। यसरी नेपालले लामो कूटनीतिक अनुभव भएकी, विदुषी शाहलाई पनि भौतिक रूपमा गुमाएको छ। हामी फरक देशका पृथक प्रतिभाका धनी दिवंगत यी तिनैजनाप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछौं।

# राजनीतिमा नकारात्मकता

**सपना नदेख्नेले योजना बुन्नै सक्दैन। योजना नबुन्नेले प्रगतिको बाटो समात्नै सक्दैन। गगनले बुनेको यो योजनालाई हौस्याउनतिर लागेको भए केही प्रतिफल प्राप्त हुन सक्थ्यो कि तर त्यो सम्भावनालाई बीचैमा तुहाउने काम भएको छ। उनलाई उडाउनुको सट्टा ढाढस दिएको भए अवसरहरू सिर्जना हुन्थे कि भनेर हेर्नै नपाइने अवस्था सिर्जना गरियो।**



● प्रा.डा.शान्तिकृष्ण अधिकारी

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले कीर्तिपुर नगरपालिकाको उपनिर्वाचनका क्रममा कीर्तिपुरको डाँडामा बसेर मासिक चार लाख रुपैयाँ कमाउन सकिने अभिव्यक्ति दिए। नेपालका युवाहरूले वैदेशिक रोजगारीका निमित्त मरिहत्ते गर्नुको साटो स्वदेशमै बसेर आयआर्जन गर्ने बाटाहरू खुलेका छन् र त्यसका लागि नेपाली कांग्रेसले मार्ग प्रशस्त गर्ने प्रयास गर्छ भन्ने उनको आशय थियो। उनले कीर्तिपुरका डाँडामा उभिएर यो भाषण गर्दागर्दै यो भनाइलाई उडाउँदै अनगिन्ती टिकटकहरू बने। गगन थापाको भाषण सकिएकै थिएन, उनलाई उडाउँदै सामाजिक सञ्जालहरू रंग्याउन युवाहरू तल्लीन भए। आजसम्म पनि छिटपुट यसका विपक्षमा धारणाहरू सार्वजनिक भइरहेका छन्।

मेरो एकजना भतिज भारतको बैंग्लोरबाट कम्प्युटर इञ्जिनियरिङ पढेर नेपाल आएका थिए। नेपाल आएको केही दिनमै अमेरिकाको काम गर्ने नेपालमा खुलेको एउटा कम्पनीमा जागिर पाए। काम ल्यापटपमै गर्ने थियो। काम घरबाटै गरे हुने थियो। लगन देखाए, मिहिनेत गरे। छ महिनामै कम्पनीले तलब बढाई दियो। एक वर्ष काम गरेपछि दुई महिनाका लागि अमेरिका घुम्न र त्यहाँको कार्यालय हेर्न पनि पठायो। उसकै जस्तो सफ्टवेयर सम्बन्धी काम जानेका सयौं युवाहरू अहिले पनि नेपालमै बसेर अमेरिका, युरोपतिरका काम गरिरहेकै छन्।

गगन हचुवामा बोल्दैनन्। उनीसँग पढे-लेखेका युवाहरूको एउट गतिलो समूह छ। देश विदेशका गतिविधि अध्ययन गरेरमात्रै उनी योजना पस्किन्छन्। उनका कुनै योजना महत्त्वाकांक्षी देखिएलान् भने कुनै सामान्य तर असम्भव चाहिँ हुँदैनन्। आजसम्म कसैले नगरेको काम उनले भनेका पनि होइनन्। यही देशका सक्षम युवाहरूले अहिले पनि घरैमा बसेर कम्प्युटर चलाउँदै लाखौं कमाई रहेका छन्। कोरोनाकालमा त नेपालकै शिक्षकहरूले घरमै बसी विद्यार्थी पढाएर तलब कमाएको हामी सबैले देखेकै हो। विकसित देशका त कति कर्मचारी कार्यालय जानै पर्दैन। घरबाटै काम गर्छन् र कामको रिपोर्ट कार्यालयमा बुझाउने गर्दछन्। मात्र यति हो कि गगनले बोले अनुसारको काम गर्न सबै युवा सक्षम छैनन् र त्यसका लागि अनुकूल वातावरण सरकारले सिर्जना गर्न सकेको छैन।

वास्तवमा गगनलाई उडाउनुको साटो सत्ताधारी पार्टीको महामन्त्री भएका हुनाले उनीसँग त्यस्तो अवसर दिलाउनका लागि युवाहरूले माग गर्न सक्नुपर्दथ्यो। सपना नदेख्नेले योजना बुन्नै सक्दैन। योजना नबुन्नेले प्रगतिको बाटो समात्नै सक्दैन। गगनले बुनेको यो योजनालाई हौस्याउनतिर लागेको भए केही प्रतिफल प्राप्त हुन सक्थ्यो कि तर त्यो सम्भावनालाई बीचैमा तुहाउने काम भएको छ। उनलाई उडाउनुको सट्टा ढाढस दिएको भए अवसरहरू सिर्जना हुन्थे कि भनेर हेर्नै नपाइने अवस्था सिर्जना गरियो।

कीर्तिपुरको डाँडाबाट मात्रै होइन, इन्टरनेटको दुनियाँमा हुम्लामा बसे पनि र सोलुमा रहे पनि उस्तै काम गर्न सकिन्छ। काठमाडौंको केन्द्रमा बसेर हुने काम र अति दुर्गम ठाउँबाट आधुनिक प्रविधिमार्फत फत्ते गरिने कामको पारिश्रमिक उति नै हुन्छ। वास्तविकता के हो भने त्यस्ता काम सिक्नका लागि युवाहरूलाई पर्याप्त अवसर नेपालमा छैन। नेपालको जुनसुकै कुनामा पनि हाइस्पिडको इन्टरनेट सुविधा छैन। सत्तारुढ दल नेपाली कांग्रेसका महामन्त्रीले त्यति बोलिसकेपछि युवाहरूले यो अवस्थामा कसरी भनेर प्रश्न गर्नुपर्ने हो तर अनावश्यक तबरले उडाउने काम गरियो।

विदेशीले नेपालीलाई कस्ता कामको जिम्मा दिन्छन्? त्यस्ता काम जानेका जनशक्ति नेपालमा कति छन्? सरकारले प्रयत्न गऱ्यो भने वर्षमा कति युवालाई त्यस्ता कामको तालिम दिन सक्छ? अनगिन्ती कामहरू छन्, जो गर्नाका लागि इञ्जिनियर नै हुनुपर्दैन, त्यसका लागि तालिम केन्द्रहरू खोल्न सरकारले किन सक्दैन? जानेका युवाहरूलाई सहुलियत ऋणमा ल्यापटप किन्ने व्यवस्था सरकारले मिलाउन सक्छ कि सक्दैन? जस्ता प्रश्नहरू गरेको भए उचित हुन्थ्यो जस्तो लाग्दछ तर सही कुरा गर्दागर्दै पनि गगन थापा अचानोमा परे।

थापाको मात्रै होइन, आजभोलि नेताले बोल्ने बित्तिकै त्यसको विपक्षमा धारणाहरू राख्ने क्रम अति नै बढेको छ। राम्रा कुरा गर्दा पनि त्यसका नकारात्मक पक्षहरू खोजेर नेतालाई उडाउनुमा नै आफ्नो सफलता ठान्नेहरूको जमात बढ्दै गएको छ। नेताहरूको मनस्थिति गिराउन सकेमा नै नेपालको विकास हुन्छ भनी ठान्नेहरूको संख्या नेपालमा बढ्दै गएको छ। नेता भनेका सबै खराबै हुन् र नेताहरूलाई टाउको उठाउने अवसर दिनै हुन्न भन्नेहरूले पनि एउटा खाले गठजोड गरेर बसेको पाइन्छ। भर्च्युअल माध्यमहरूमा उपस्थित हुने यस्ता व्यक्तिहरू साइबर सेनाका रूपले परिचित छन्।

> देशको साधन र स्रोतमा कत्ति पनि दोहन नगरिएको भए जनताले चित्त बुझाउँथे होलान् तर एकातिर आवश्यकता बढ्दै जानु र अर्कोतिर सीमित वर्गले अधिकांश स्रोतमा रजाइँ गरेको देखिनुले मानिसको विचार नकारात्मकता तर्फ बढेको छ।

नेतामा पनि अझ तीन दलका नेताहरूलाई व्यापक रूपमा खेद्ने गरिन्छ। तीन दलमा पनि नेपाली कांग्रेस र नेकपा एमालेका नेता बढी आक्रमणमा पर्ने गरेका छन् भने नेकपा माओवादीका नेताहरू अलि कम आक्रमणमा पर्दछन्। कांग्रेसका सभापति शेरबहादुर देउवा र महामन्त्री गगन थापाको त कुरै गर्न पर्दैन। एमालेका चाहिँ अध्यक्ष केपी ओली नै बढी बोल्ने भएकाले होला उनैलाई तारो बनाइने गरिएको छ। माओवादीका प्रचण्ड र माओवादी छाडेका बाबुराम भट्टराईहरू सामाजिक सञ्जालमा प्रसार गरिने हास्य, क्रोध र नाटकका पात्रका रूपमा अधिक छाइनेमा पर्दछन्।

सत्य के हो भने सबै नेताहरूले भ्रष्टाचार गरेका छैनन्। वास्तविकता के हो भने पुराना राजनीतिक दलहरूका केही नेताहरूले पचाउनै नसक्ने गरी भ्रष्टाचार गरे। यथार्थ के हुन पुग्यो भने यिनै केही भ्रष्ट नेताहरूका कारण पुराना दलहरूका सबै नेताहरूलाई भ्रष्टाचारीको उपमा दिइयो। सबै राजनीतिक दलहरूलाई एउटै डालोमा हालियो र सबै नेताहरूलाई उही नजरले हेरियो। नेता भन्ने पदवीलाई नै हेयका दृष्टिले हेर्नुपर्ने बनाइयो। मकै पिस्दा घुन पनि पिसिन्थ्यो तर नेपालमा ठ्याक्कै उल्टो हुनपुग्यो-घुन फाल्दा मकै पनि फाल्न थालियो।

अर्थशास्त्रको सामन्य नियम नै छ-मानिसका चाहना असीमित हुन्छन् र तिनको पूर्ति गर्ने साधन र स्रोत सीमित हुन्छ। नेपालमा साक्षरतादर बढेसँगै मान्छेका चाहनामा वृद्धि हुँदै गएको छ। माध्यमिक शिक्षा र उच्चशिक्षा लिनेहरूको संख्या बढ्दै गएपछि देश विदेशका विकासका बारेमा जानकार पनि बढ्दै गए र नेपाली जनताको आवश्यकता पनि बढ्दै गयो। देशको साधन र स्रोतमा कत्ति पनि दोहन नगरिएको भए जनताले चित्त बुझाउँथे होलान् तर एकातिर आवश्यकता बढ्दै जानु र अर्कोतिर सीमित वर्गले अधिकांश स्रोतमा रजाइँ गरेको देखिनुले मानिसको विचार नकारात्मकता तर्फ बढेको छ। यही क्रम बढ्दै गयो भने न नेताहरूले जनताका बीचमा जाने हिम्मत गर्न सक्दछन् न नेपाली जनताले विकासका फल चाख्दै सन्तोषको श्वास फेर्ने दिन नै आउँछ।

नेपालमा बहुदलीय लोकतन्त्र छ। अझ भनौं नेपाल गणतन्त्रात्मक मुलुक हो। लोकतन्त्र भने पनि र गणतन्त्र भने पनि शासन चलाउने भनेको राजनीतिक दलहरूले नै हो। संसदीय चुनावमा बहुमत ल्याएर जुन दल सत्तामा पुग्दछ, त्यही दलका नेताहरूले नै सरकार चलाउने हो। त्यसैले दलहरूलाई बिग्रन दिन हुँदैन, त्यो सत्य हो तर राजनीतिक दलहरूलाई सुधार्ने नाममा अहोरात्र सत्तोसराप गरेरमात्रै बस्दा मुलुकले प्रगति गर्न सक्छ भन्ने सोचाइ छ भने त्यो नितान्त गलत सोचाइ हो। सुध्रने उपायहरूका बारेमा पनि बताउनुपर्दछ।

जनता सार्वभौम छन्। जनताको सार्वभौमिकता विशेषगरी चुनावमा प्रयोग हुने गर्दछ। चामलबाट ढुंगो झिकेर मिल्काए झैं चुनावमा भ्रष्ट नेतालाई पछार्नुमा नै जनताको बुद्धिमानी हुन्छ। जिताउने बेलामा नाभीमै भ्रष्टाचारको धागो बाँधेको नेतालाई जिताउने र पछि पछुताउनुले कुनै अर्थ राख्दैन। दलको विचार, सिद्धान्त र योजना पनि हेर्न सक्नुपर्दछ। दलको सिद्धान्तमै सेवक होइन, शासन गर्ने लक्ष्य राखिएको छ र त्यसैलाई बारम्बार चयन गर्ने बानीलाई पनि त्याग्न सक्नुपर्दछ। बाघले आजदेखि शाकाहारी भएँ भनेर भनेको कुरालाई पनि सहजै पत्याउने बानी नेपालीले छाड्नु पर्दछ। अन्यथा भगवान् भरोसा।

# गाउँगाउँमा आएको सिंहदरबार : पाइला-पाइलामा भ्रष्टाचार

**राजनीतिक दलकै कोटामा न्यायाधीश नियुक्त हुनु र दलगत स्वार्थमा अपवादबाहेक संविधानको व्याख्या गर्नु जनताका लागि आज अभिशाप बनेको छ, यो कुन तन्त्र हो ? तन्त्र र मन्त्र अंगालेको व्यक्तिलाई सर्वोच्चको न्यायालयमा न्यायाधीश नियुक्त गरेर राजनीतिक दलले जनतामाथि कुठाराघात गरेकै हुन्।**



● चूडामणि कोइराला

नेपालको वर्तमान संविधान २०७२ ले स्थानीय, प्रादेशिक तथा संघीय गरी तीन तहका सरकारको परिकल्पना गरी अधिकार प्रत्यायोजन गरेको छ। जारी संविधानपछि आज तीनै तहको सरकार बनेर पाँच वर्ष कार्यकाल सकी पुनः अर्को पनि आधा समयावधि सकिन लागेको छ। जनप्रतिनिधि भनेको संविधानको मूल कानुनका आधारमा छानिएका छन्। संविधान संरक्षक र पालक पनि जनप्रतिनिधि हुनुपर्ने हो। संघीय संसद्ले बनाएको ऐन, नियमको प्रयोग नै सर्वोपरी हो। त्यही संसद्बाट केही ऐन, नियम बनेका छन् भने केही बन्ने क्रममा रहेका छन्। मूल कानुनकै अवधारणामा स्थानीय, प्रदेश र संघीय सरकार बनेका छन् तर प्रदेश तथा स्थानीय तहका नियम, ऐन र कार्य विधिहरू संविधान जारी भएको नौ वर्ष हुँदा पनि पूर्णरूपमा बन्न सकेका छैनन्।

संविधानले दिएको अधिकारका नाममा जनप्रतिनिधिहरूले आफू अनुकूल प्रयोग गर्ने गरेका छन् संविधानको। संविधानको 'स' नबुझ्ने केही तीन तहकै जनप्रतिनिधिहरू निर्वाचित हुँदा वर्तमान संविधानको प्रावधान र प्रयोग नै आज संकटमा छ दलगत स्वार्थका कारण। केही जनप्रतिनिधि कानुनमा 'क' नबुझेका कुर्सी, भत्ता र पार्टीको खोलमात्र बुझेका नीति, निर्णय र कानुनका हकमा लम्फुहरू पदासीन हुँदा सही पनि गलत भयो गलत त जो अनबुझ नै थियो उही जनप्रतिनिधि बन्यो। मूलतः कानुन नबुझेका जनप्रतिनिधिहरूले जनभावना बुझ्न सक्दैनन् र कानुनको अपव्याख्या गरिदिने गरेका छन्।

पार्टीका पदासीन व्यक्तिहरू नै हो जनप्रतिनिधि बन्ने। उसले भूगोल, धर्म, संस्कृति, त्यहाँको रीतिरिवाज र स्थानीय आवश्यकतामा ऊ जानकार हुन्छ। जानकार हुनु र जनप्रतिनिधि बन्नु जनहितका लागि उपलब्धि हो तर यही व्यवस्थामा रवर छाप जनप्रतिनिधि बन्नु चाहिँ जनमतकै उपहास हो। संविधानको व्यवस्थालाई राजनीतिक दलले नै हो संस्थागत गर्ने, परिपालना र तदारुकता दिने तर यहाँ भएको छ कि दलगत पार्टीबाटै संविधानको भक्षण गर्ने काम। संवैधानिक र प्रजातान्त्रिक मुलुकमा राजनीतिक दलगत स्वार्थअनुसार संविधानको व्याख्या गर्ने काम चाहिँ यो व्यवस्थामा राम्रो भएन।

यही संविधान, यही व्यवस्थालाई मूलमर्म मानेका दलहरू मध्येबाटै जनप्रतिनिधि बनेका छन्। त्यही व्यवस्थामा रहेका दल स्थानीय वडा, गाउँपालिका, नगरपालिका, उपनगर/महानगर हुँदै प्रदेश सरकार र संघीय सरकारमा विराजमान छन्। जनप्रतिनिधिले दलगत स्वार्थको स्वादमा रहेर संविधानको व्याख्या गर्न खोज्नु भनेको संविधानको अपहरण गर्नु हो। यसको ज्वलन्त उदाहरण कोशी प्रदेश र गण्डकी प्रदेश सरकार बन्नका लागि विगतमा देखाएको रवैया नै जनताका लागि आज काफी छ। पद र कुर्सीका लागि कानुन नै गुमनाम बनाउँछन् नेताले भन्ने जनबोलीलाई सावित गरेको छ कोशी र गण्डकी प्रदेश सरकारले। आज कानुन नेताका लागि नभई जनताका लागि मात्र रहेछ भन्ने आभाष जनतामा परेको छ।

राजनीतिक दलकै कोटामा न्यायाधीश नियुक्त हुनु र दलगत स्वार्थमा अपवादबाहेक संविधानको व्याख्या गर्नु जनताका लागि आज अभिशाप बनेको छ, यो कुन तन्त्र हो ? तन्त्र र मन्त्र अंगालेको व्यक्तिलाई सर्वोच्चको न्यायालयमा न्यायाधीश नियुक्त गरेर राजनीतिक दलले जनतामाथि कुठाराघात गरेकै हुन्। यसको जिम्मेवारी सबै राजनीतिक दलले लिनै पर्दछ। 'जसको नुन खानु उसैको दुनु सोझ्याउनु' भन्ने उखान चरितार्थ भएको छ। यो संविधानको व्याख्या होइन, पार्टीगत दल र झण्डाको व्याख्या हुने काम भएको छ। जनताको मर्मविपरीत हो।

के संविधानमा राजनीतिक दलकै कोटाबाट मात्रै सर्वोच्च अदालतमा न्यायाधीश बन्न पाउने प्रावधान छ ? छैन तर सरकारले संवैधानिक निकायको गल्लीको बाटोबाट नियुक्तिको प्रावधान राख्नु राजनीतिक दलको भागबण्डाको अंशको भाग हो। अनि न्यायालयमा कहाँ न्याय चल्छ। न्यायालय आशा, भरोसा र राम नाम 'सत्य' हो भन्नेमा मात्र अढेको छ। कठै ! न्यायालय दलगत स्वार्थ र हरेक क्षेत्रका बिचौलियाबाट मुक्त भएको दिन कस्तो हुन्थ्यो होला न्यायको न्याय।

स्थानीय तह ७५३ मा नागरिकलाई सेवा दिने सबैभन्दा नजिकको सरकार हो। देश संघीयतामा गएसँगै सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको छ। अधिकार मात्रै होइन, गाउँ-गाउँमा गएको सिंहदरबारसँगै भ्रष्टाचार पनि पाइला पाइलामा पुगेको छ। गाउँ-गाउँमा यसको जरो चैत्र-वैशाखको डढेलोसँगै आएको हावाहुरी बनेर फैलिँदै गएको छ। जनताको घरदैलोको सरकार सबैभन्दा बढी भ्रष्टाचारको अखडा बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नै पुष्टि गरेको छ। अख्तियारमा परेका भ्रष्टाचारसम्बन्धी उजुरीमा सबैभन्दा धेरै स्थानीय तहका रहेका छन्।

अख्तियारमा गत आर्थिक वर्ष २०८०/०८१ मा २६ हजार ९ सय ८१ उजुरी परेकामा सबैभन्दा बढी स्थानीय तहका १४ हजार उजुरी छन्। शिक्षामा ५ हजार ७ सय उजुरी परेका छन्। विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई छ। गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्नेहरू विरुद्ध २५ सय उजुरी परेका छन्। स्थानीय तहका सेवाग्राहीसँग लिइने घुस, स्थानीय स्रोतसाधनको दोहनलगायतका विषयमा सबैभन्दा धेरै उजुरी परेका छन्। जनताको सेवामा भन्दा कसरी कागज मिलाएर कमाउने ? भन्नेमा जनप्रतिनिधिको ध्यान गएको अख्तियारमा परेका उजुरीबाट प्रष्ट हुन्छ। स्थानीय सरकारको भ्रष्टाचारले आमनागरिकमा वितृष्णा मात्र पैदा गरेको छैन, आज जनतामा निर्वाचनप्रति हिनताबोध हुने गरेको छ।

> जनप्रतिनिधिबाट भएको भ्रष्टाचारलाई दलगत संरक्षणले आक्रान्त बनाएको छ। यस विषयमा कानुन कठोर हुनुपर्दछ। अनि छुट होइन लुटको अन्त्य हुनेछ। भ्रष्टाचारका सवालमा राज्यका निकायको प्रभावकारिता आवश्यक छ। राज्यका निकायको प्रभावकारिता भनेको नै सुशासन र कानुनको कार्यान्वयन नै प्रमुख दायित्व हो।

सरकारप्रति नागरिकको आक्रोश र असन्तुष्टि दिन प्रतिदिन चुलिँदै जानुमा जनप्रतिनिधिबाट हुने गरेको भ्रष्टाचार नै कारक बनेको छ। स्थानीय तहमा विभाजन गरिएको अधिकार मात्रै होइन, सिंहदरबारको भ्रष्टाचार पनि गाउँ-गाउँमा बाँडिएको आभाष जनतामा भएको छ। अख्तियारको प्रतिवेदनले प्रष्ट के देखाउँछ भने स्थानीय तहमा अधिक भ्रष्टाचार र अनियमितता फैलिँदो क्रममा गइरहेको छ। अख्तियारमा परेका भ्रष्टाचारसम्बन्धी उजुरीमा सबैभन्दा धेरै स्थानीय तहका नै छन्। जनताको घरदैलोमा बनेको सरकार सबैभन्दा बढी भ्रष्टाचारको अखडा बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले देखाएको छ।

तर, अख्तियार आफैं भ्रष्टाचार भयो भनेर प्रतिवेदन सार्वजनिक गर्न मात्र सीमित भएको छ। कारबाही गर्ने शैली कछुवा गतिमा छ। वर्षौंदेखिका उजुरीका फाइल अख्तियारले नै बन्धकको चाङ बनाएर राखेको छ। देखाउनका लागि हो कि ? वास्तविकताका लागि यो आज मूल विषय बन्न पुगेको अख्तियारको मौनताले पुष्टि गर्दछ। किनकि हालका अख्तियार प्रमुख प्रेमकुमार राईमाथि नै भ्रष्टाचारको आरोप छ। के उनको नैतिक अधिकार यही हो ? पद पाए आफू भ्रष्टाचारी नहुने र आफ्नो विषयमा आफैं बन्धक बनाउने जुन प्रपञ्च हुँदै आएको छ यसको जिम्मेवारी कसले लिने ? अख्तियार प्रमुखले लिने कि नलिने ? भ्रष्टाचारको प्रमुख निकायमाथि नै भ्रष्टाचारको आरोप छ यो कसरी भ्रष्टाचार नियन्त्रण हुन्छ र शून्य सहनशील भ्रष्टाचार बन्न सक्छ।

## सत्ता र प्रतिपक्षी दलहरूबाटै भ्रष्टाचार

सत्ता र प्रतिपक्षी दलहरूबाटै भ्रष्टाचार

विरुद्धका कानुन कमजोर बनाउन निरन्तर चलखेल हुँदै आएको देखिन्छ। अख्तियारको क्षेत्राधिकार खुम्च्याउने, अनुचित कार्य र मन्त्रिपरिषद्का निर्णयमा अख्तियारको दायराबाहिर राख्ने काम भइरहेको छ। २०७२ मा संघीय संरचना अनुसार संविधान जारी भएर नयाँ शासकीय संरचनामा मुलुक गए पनि सुशासनको अवस्थामा सुधार आउनुको साटो झन् निराशातर्फ धकेलिएको हो। केही साताअघि मात्रै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुलुकमा व्याप्त भ्रष्टाचार रोक्न र सुशासन कायम गर्न भन्दै सरकारलाई केही बुँदागत निर्देशन दिएको थियो। तर, सरकारबाट त्यसअनुसार सुधारका कदम चालिनेमा भने आशंका छ। भ्रष्टाचार न्यूनीकरणको काममा सरकार एकदमै फितलो देखिएको छ। यद्यपि, प्रधानमन्त्रीदेखि मन्त्री र दलका नेतासम्मले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नारा चिच्याउन भने छोडेका छैनन्।

संघीय सरकार केन्द्रमा रहेर तल्लो तहसम्म अधिकार बाँडफाँड भए पनि ठूला विकास निर्माण तथा आयोजनामा केन्द्रकै हस्तक्षेप र दलगत नेताको स्वार्थ हालिमुहाली हुन पुग्छ। यही कारण स्थानीय सरकारहरूमा भ्रष्टाचार मौलाएको मात्र होइन कुन दलको कुन नेताले कति कमाउने र आगामी निर्वाचनमा स्थानीय जनता प्रभावित पार्न सकिन्छ भन्ने ध्येय नै जनप्रतिनिधि र नेतामा छ। आयोजनाको निर्माण छिटो सम्पन्न गर्नेमा भन्दा सो लागतको समय सीमाको वर्षौं ओगटिरहने, काम नगर्ने, पछि लागत वृद्धि गरी कमिसनकै खेल त्यहाँ भइरहेको हुन्छ, त्यो पनि दलगत नेताकै रजगजमा। कमिसन नै कमिसनको खेलमा निर्माण त सम्पन्न हुन्छ तर कुन सामग्रीको कति प्रयोग भयो र लागत बराबरको निर्माण सामग्री प्रयोग भयो कि भएन त्यसको लेखाजोखा नै हुँदैन।

निर्माण भए हामी सबैलाई भयो, त्यसको मापदण्ड न राज्यका सम्बन्धित निकायले खोज्छन् न त उपभोक्ताले। विकासका नाममा हुँदै आएको विकास प्रगतिमूलकभन्दा नि देखावटी मात्र छ। त्यही विकास आज छ भोलि विनाशमा परिणत भएको ज्वलन्त उदाहरण छ। त्यही भएर भएको विकास पनि बालुवामा पानी हालेसरह भएको छ। प्रदेश र पालिकामा समेत व्यापक भ्रष्टाचार बढेपछि प्रदेश खारेजीको आवाज बढेको हो कि ? संविधानको मूलमर्म प्रदेश हो, तर प्रदेशमै व्यापक भ्रष्टाचार बढेपछि प्रदेश खारेजीको माग उठ्नु भनेको यही व्यवस्था माथिको खतरा त होइन ? लोकतन्त्रको रक्षाका लागि पनि भ्रष्टाचारीहरू माथि निर्मम तरिकाले कारबाही हुनुपर्दछ।

जनप्रतिनिधिबाट भएको भ्रष्टाचारलाई दलगत संरक्षणले आक्रान्त बनाएको छ। यस विषयमा कानुन कठोर हुनुपर्दछ। अनि छुट होइन लुटको अन्त्य हुनेछ। भ्रष्टाचारका सवालमा राज्यका निकायको प्रभावकारिता आवश्यक छ। राज्यका निकायको प्रभावकारिता भनेको नै सुशासन र कानुनको कार्यान्वयन प्रमुख दायित्व हो। भए/गरेका बेथितिको अन्त्य लोकतन्त्रमा जनप्रतिनिधि र स्थायी सरकार भनेको निजामती कर्मचारीबाटै हुनुपर्दछ। बेथितिको अन्त्य नै समुन्नत नेपाल र नेपालीको चाहना हो।

# अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिकामा गठन

**हिमालय टाइम्स**
वासिंटन डिसी, २४ पुस

पेशागत पत्रकारहरूको स्वतन्त्र, साझा र छाता संगठनका रूपमा अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिकामा स्थापना भएको छ । अमेरिकामा दर्ता भई सर्वसम्मत रूपमा पहिलो कार्य समिति गठन पनि गरिएको छ । अमेरिकाको प्रचलित नियम कानुन अनुसार स्थापित र गठित संस्था अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिका पत्रकारहरूको अन्तर्राष्ट्रिय छाता संगठन हुनेछ ।

यसले पत्रकार र पत्रकारिता क्षेत्रका लागि स्वतन्त्र र निष्पक्ष ढंगले काम गर्ने उद्देश्य लिएको छ । संस्थाको प्रधान कार्यालय भर्जिनिया, अमेरिकामा रहने छ भने संसारभर विभिन्न देशहरूमा देशस्तरीय शाखाहरू स्थापना गर्ने तयारी महासंघले गरेको छ । यसमा पुरानादेखि नयाँसम्म, अधिकांश वरिष्ठ पत्रकारहरू कार्य समितिमा रहनुभएको छ । आगामी दिनमा महासंघलाई विस्तार गर्दै लगिने र संस्थामा पेशागत पत्रकारहरू मात्र रहने महासंघले स्पष्ट गरेको छ ।

कान्तिपुर राष्ट्रिय दैनिकका संस्थापक प्रधान सम्पादक एवं अग्रज पत्रकार योगेश उपाध्याय, हिमालय टाइम्स राष्ट्रिय दैनिकका प्रधान सम्पादक, नेपालवाणी, राष्ट्रपुकारका पूर्वप्रधान सम्पादक एवं राससका पूर्वअध्यक्ष तथा महाप्रबन्धक अग्रज पत्रकार प्रा.पुरुषोत्तम दाहाल, मोफसलका अग्रज पत्रकार, दैनिक पत्र, जन संघर्ष, स्वाधीनका प्रधान सम्पादक एवं राससका पूर्वअध्यक्ष डा.बालकृष्ण चापागाईं, यसैगरी गोरखापत्र संस्थान तथा राससका पूर्वअध्यक्ष, जनहित, विमर्शका पूर्वसम्पादक, अग्रज पत्रकार पुरु घिमिरे, कान्तिपुर दैनिकदेखि विभिन्न मिडियाहरू हुँदै हाल हिमालय खबरका प्रधान सम्पादकसमेत रहनुभएका वरिष्ठ पत्रकार विजय घिमिरे महासंघको सल्लाहकार रहनुभएको छ ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिकाको नवगठित कार्य समितिको अध्यक्षमा नेपाल मदर डट कमका प्रधान सम्पादक, एभेन्ज्युज खबर टेलिभिजनका अमेरिका सम्पादक जो रेडियो नेपाल, नेपाल टेलिभिजन, विभिन्न राष्ट्रिय स्तरका पत्र पत्रिका र अन्य मिडियाहरूका पूर्वप्रधान सम्पादक एवं वरिष्ठ पत्रकार, गायक तथा कलाकार रामप्रसाद खनाल छानिनुभएको छ ।

महासंघको उपाध्यक्षमा क्रमश: अन्नपूर्ण राष्ट्रिय दैनिकका प्रधान सम्पादक, लोकपत्र देखि विभिन्न पत्र पत्रिकामा लामो समयदेखि पत्रकारिता गरेका वरिष्ठ पत्रकार अखण्ड भण्डारी, योहो टेलिभिजनका प्रमुख, समकालीनदेखि धेरै मिडियाहरूमा लामो समय पत्रकारिता गर्दै आउनुभएका वरिष्ठ पत्रकार जीवराम भण्डारी, एभिन्युज खबर टेलिभिजनका समाचार प्रमुख, कैयौं टेलिभिजनहरू, पत्र पत्रपत्रिका सम्पादकको रूपमा काम गरेका वरिष्ठ पत्रकार केदार कोइराला र नेपाल समाचार पत्रकाका पूर्वसम्पादक, जनता टेलिभिजनका समाचार प्रमुख, कैयौं पत्रपत्रिकाका सम्पादक रहिसकेका वरिष्ठ पत्रकार टंक पन्त छानिनुभएको छ ।

यसैगरी उपाध्यक्षमा पत्रकारितामा लामो समयदेखि क्रियाशील पत्रकार, अमेरिकाबाट प्रकाशित नेपलिज डायस्पोराका प्रधान सम्पादक सतिश चापागाईं रहनुभएको छ । यसैगरी महासंघको महासचिवमा स्वतन्त्र पत्रकार, खोज पत्रकारिताका धरोहर, माइक्रोसफ्टका सफ्टवेयर इन्जिनियरसमेत रहनुभएका पत्रकार टंक दाहाल छानिनुभएको छ भने सचिवमा विभिन्न राष्ट्रिय दैनिकहरू, अनलाइनहरूदेखि स्वतन्त्र पत्रकारितामा पनि उत्तिकै क्रियाशील वरिष्ठ पत्रकार अनिल अधिकारी रहनुभएको छ । कोषाध्यक्षमा कलाकारसमेत रहनुभएका सक्रिय युवा पत्रकार, डिसी नेपालका अमेरिका ब्युरो चिफ अर्जुन दाहाल छानिनुभएको छ ।




अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिकाको बोर्ड अफ डाइरेक्टरमा लामो समयदेखि पत्रकारितामा संलग्न, इनेप्लिज डट कमका प्रधान सम्पादक एवं वरिष्ठ पत्रकार विश्वराज थापा, बुटवल टुडे राष्ट्रिय दैनिकका प्रबन्ध सम्पादक, विगत लामो समयदेखि पत्रकारिता र सूचना प्रविधिको क्षेत्रमा काम गर्दै आउनुभएका क्यानका पूर्वअध्यक्ष वरिष्ठ पत्रकार नवराज कुँवर, विभिन्न राष्ट्रिय दैनिकहरू, अनलाइनहरूदेखि स्वतन्त्र पत्रकारितामा पनि उत्तिकै क्रियाशील वरिष्ठ पत्रकार दिनेश कार्की, गोरखापत्रमा सह सम्पादकका रूपमा २०५० सालदेखि कार्यरत, अमेरिका आइसके पछि पनि विभिन्न पत्रपत्रिकामा कलम चलाइरहनुभएका वरिष्ठ पत्रकार कृष्णराज खनाल पनि बोर्ड अफ डाइरेक्टरमा छानिनु भएको छ ।

क्यानाडाबाट विगत २० वर्षदेखि नमस्ते रेडियो र कार्यक्रम सञ्चालन गर्दै आउनु भएका वरिष्ठ पत्रकार अनिल थापा, लामो समयदेखि विभिन्न मिडियाहरूमा काम गर्दै आउनुभएका र विशेषगरी चलचित्र, कलाकारिता सम्बन्धी पत्रकारितामा निपुण सक्रिय युवा पत्रकार सुमन दाहाल, अष्ट्रेलियाबाट देशान्तरदेखि अन्य मिडियाहरूमा काम गर्नुभएका अर्का पुराना पत्रकार सुरेन्द्र सापकोटा पनि बोर्ड अफ डाइरेक्टरमा छानिनु भएको छ ।

सबै महादेशहरूबाट प्रतिनिधित्व हुनेगरी अन्तर्राष्ट्रिय पत्रकार महासंघलाई पूर्णता दिइनेछ । केही समयभित्रै नेपाल, बेलायत, अष्ट्रेलिया, जापान, क्यानाडालगायत देशहरूमा शाखा निर्माण गरिने बताइएको छ । अन्य देशहरूमा पनि शाखा बिस्तार गरिँदै लगिने योजना छ । त्यसका लागि सम्बन्धित देशहरूमा रहेका पत्रकारहरूलाई सम्पर्क गर्न आग्रह गरिएको छ ।

त्यसैगरी अन्य देशहरूमा पनि अन्तर्राष्ट्रिय पत्रकार महासंघका देशस्तरीय शाखाहरू स्थापना गरिने छन् जहाँ पेशागत पत्रकारहरू रहनेछन । अन्तर्राष्ट्रिय पत्रकार महासंघको बारेमा, यसका गतिविधि यसको वेबसाइटमा पनि समावेश गरिँदै लगिने अन्तर्राष्ट्रिय पत्रकार महासंघले जनाएको छ ।

---

## Ruby Valley Rural Municipality
### Office of the Rural MunicipalityExecutive
**Sertung, Dhading**
**Bagmati Province, Nepal**

### Invitation for Bids

**Date of Publication: 2080/05/25**

1. **Ruby Valley Rural Municipality, the Office of Rural Municipal Executive,** invites e-biddng from eligible bidders for the project mentioned below.

| S. N. | Name of Project | Estimate amount (with VAT) | Bid Document Price (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | Darjung Samaya Ksholing Gumba Purnanirman, RubyValley Gapa-4 Borang Dhading (RVRM/NCB/WORKS/2081/082/04) | 7907279.46 | 3000 /- | 2,75,000/- |

2. A complete set of Bid Document and related information can be downloaded from **www.bolpatra.gov.np/egp**
3. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
## Local Infrastructure Development Project Office
**Itahari, Koshi Povince, Nepal**

### Invitation for Bids No.:-LIDPOITH/2081-082/10

**Date of Publication:2081/09/25**

1. **Local Infrastructure Development Project Office (LIDPO), Itahari** invites electronic bids only from eligible Nepalese bidders for the Construction/Upgrading works of various roads within Koshi Province through packages **LIDPOITH/NCB/W/2081-082/108** to **LIDPOITH/NCB/W/2081-082/114** under National Competitive Bidding procedures. Eligible Bidders may obtain further informatiant LIDPO, Itahari, or may visit the **PPMO's website http://www.bolpatra.gov.np/egp.**
2. Bidders may download the bidding documents for e-submission from **PPMO's Website http://www.bolpatra.gov.np/egp.**
3. Pre-bid meeting shall be held at **LIDPO, Itahari** on **2081/10/15** at **11:00 AM.**
4. Electronic bids must be submitted through PPMO website on or before **12:00** on **2081/10/27**. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** on **2081/10/27** at **LIDPO, Itahari.**

---

## गोरखा सडक योजनाको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१/०९/२५**

यस योजनाको बोलपत्र आह्वानको सूचना नं T4-081/82 अनुसार पेश भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मुल्यांकनमा सफल भएका बोलपत्रहरु मध्येबाट मिति २०८१/०९/२४ मा खोलिएको आर्थिक प्रस्ताव अनुरुप न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिलको ठेक्का नम्बरको बोलपत्र स्वीकृतिको लागि छनोट भएको हुदाँ सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| ठेक्का नं. | निर्माण कार्यको विवरण | स्वीकृतिका लागि छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र पि.एस. सहित) |
|---|---|---|---|
| 11CRP/33701169-4/081/82-29 | Upgrading of Dhodeni -Sauryapani -Bhandari Gaun Road, Gorkha | M/S A-One/ Aariz JV, Gorkha-08 | 12,927,929.74 |

**योजना प्रमुख**

---

## शिवनाथ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**शिवनाथ, वैतडी**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशित मिति २०८१/०९/२५**

यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गतका निर्माण कार्यहरुको मिति २०८१/०७/१२ गते **bolpatra.gov.np/egp** तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये विभिन्न चरणको मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरु सारभुत रुपमा प्रभावग्राही ठहरी मुल्याङकन समिति बाट छनौट सिफारिस भई आएको हुँदा तल उल्लेखित बोलपत्रहरुको स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना यो प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र. स. | ठेक्का नं. | स्वीकृतिका लागि छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| 1 | 01/SRMUN/ WORKS/2081/082 | M/S Bogati and Brothers Construction Gadi, Baitadi | 50,80,757.19 | |
| 2 | 02/SRMUN/ WORKS/2081/082 | M/S P.N.K. Construction and Consultancy Pvt. Ltd Melauli 07, Baitadi | 21,22,865.01 | |
| 3 | 03/SRMUN/ WORKS/2081/082 | M/S Anita Construction Shivanath RM 05, Baitadi | 20,18,245.77 | |
| 4 | 04/SRMUN/ WORKS/2081/082 | M/S Rabindra Pancheshwar Construction and Suppliers Panhceshwar RM 02 ,Baitadi | 59,35,151.88 | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

---

## Tikapur Municipality
### Office of The Municipal Executive
**Tikapur,Kailali**
**Sudurpashchim Province, Nepal**

### Invitation for Sealed Quotation

**First Date of Publication : 2081/09/25 B.S. ( 9th Jan.,2025)**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures

| S.N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT&PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TNO/SQ/48/ ROAD/ 2081/082 | Beautifications and Constructions of Edged Brick Solling Pavement Works on Open Space near Public Toilet Tikapur Municipality Ward No.1 Block No.1,Bhanu Chowk,Tikapur, Kailali. (Near Public Toilet) | **17,22,165.73** | **55,000.00** | **1000.00** |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive,Tikapur,Kailali**
   Or **Telephone NO.:- +977091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.**
3. Interested bidders should submit only E-bid till **24th January, 2025 before 12:00 hrs**. through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hardcopy will been entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :- Nepal Bank Ltd.,Tikapur, Branch.**
   **Name of Office :-Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No.:-10703000001001000001**
   **Revenue Heading No :-14229**
5. Information to deposit the **Bid Security Amount** in Bank:-
   **Name of Bank :- Nepal Bank Ltd.,Tikapur, Branch..**
   **Name of Office :- Tikapur Municipality, Office of The Municipal Executive,Tikapur, Kailali**.
   **Office Account No.:- 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality ,Office of The Municipal Executive,Tikapur, Kailali (Mention Purpose of Deposit Stating Contract Identification Number clearly).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 75 days from the date of Bid Opening.
7. If the last date of purchasing and / or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid will be opened in the presence of Bidder's representatives who choose to attend at **14:00 hrs. on 24th January,2025** at Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason,whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act,2063 and Public Procurement Regulation,2064 and other prevailing laws of Nepal.
11. Any amendments on this notice shall be posted on office information board and on office website:www.tikapurmun.gov.np

**Chief Administrative Officer**

# चलचित्र विकास बोर्डका नौ समिति गठन



**हिमालय टाइम्स**
काठमाडौं, २४ पुस

चलचित्र विकास बोर्डले नौवटा समिति गठन गरेको छ । बोर्डले छात्रवृत्ति छनोट सिफारिश समिति, बक्स अफिस प्रणाली कार्यान्वयन तथा अनुगमन समिति, चलचित्रको अन्तर्राष्ट्रिय प्रवर्द्धन समिति, आर्थिक सहयोग सिफारिश समिति, महिला चलचित्रकर्मी सशक्तीकरण समिति, आदिवासी जनजाति मातृभाषी प्रवर्द्धन समिति, चलचित्र प्रदर्शन अनुगमन समिति, कथा संग्रहालय मूल्यांकन तथा छनोट समिति र मोफसलका चलचित्र मूल्यांकन तथा छनोट समिति गठन गरेको हो ।

छात्रवृत्ति छनोट सिफारिश समितिको संयोजकमा रविचन्द्र अधिकारी, प्राडा.ध्रुव कार्की, पत्रकार रघुनाथ सापकोटा र चलचित्र निर्देशक दीपा पाण्डे हुनुहुन्छ । यस्तै, बक्स अफिस प्रणाली कार्यान्वयन तथा अनुगमन समिति संयोजकमा खेतुलाल बिसी, सदस्यहरूमा बोर्ड सदस्य अधिकारी, चलचित्र संघका महासचिव सुरेन्द्रकुमार थापा, निर्माता संघका प्रतिनिधि, आन्तरिक राजस्व विभागका प्रतिनिधि पवित्रा बन्जाडे, गृह मन्त्रालयका प्रतिनिधि र बोर्ड अधिकृत प्रवीण पाण्डे हुनुहुन्छ । यो समितिको आमन्त्रित सदस्यमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका एक इन्जिनियर हुनेछन् ।

यस्तै, अन्तर्राष्ट्रिय प्रवर्द्धन समितिको संयोजकमा बोर्ड सदस्य अधिकारी, सदस्यहरूमा पर्यटन बोर्डका प्रतिनिधि रोहिणीप्रसाद खनाल, परराष्ट्र मन्त्रालयका प्रतिनिधि पूरक अधिकारी, चलचित्रकर्मीद्वय सन्तोष लोहनी, केवल तामाङ र पत्रकार विष्णु शर्मा हुनुहुन्छ । यसको सदस्य सचिवमा बोर्डका सदस्य सचिव राजेशकुमार थापा हुनुहुन्छ । आर्थिक सहयोग सिफारिश समितिको संयोजकमा बोर्ड सदस्य बिसी, सदस्यमा सदस्य सचिव थापा र सदस्य सचिवमा प्रभाकर भट्टराई हुनुहुन्छ ।

त्यस्तै महिला चलचित्रकर्मी सशक्तीकरण समितिको संयोजकमा केकी अधिकारी, सदस्यहरूमा चलचित्रकर्मी स्वस्तिमा खड्का, नम्रता खरेल, सरस्वती घिमिरे, दुर्गा परियार, कल्पना आचार्य र पत्रकार गीता अधिकारी हुनुहुन्छ । हिटाकर्मीसमेत रहनुभएकी अधिकारी यसअघि पनि सदस्य रहनुभएको थियो ।

आदिवासी जनजाति मातृभाषी प्रवर्द्धन समितिको संयोजकमा सुनिल मानन्धर, सहसंयोजकमा बोर्ड सदस्य बिसी, सदस्यहरूमा रोहित रुम्बा, जसु गुरुङ, सोनु थारू, कुमार मोक्तान र सदस्य-सचिवमा अप्सरा समाल रहनुभएको छ ।

चलचित्र प्रदर्शन अनुगमन समितिको संयोजकमा बोर्ड सदस्य राजु खत्री क्षेत्री, केन्द्रीय चलचित्र जाँच समिति र गृह मन्त्रालयका एक-एकजना प्रतिनिधि सदस्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका दिनेश खनाल र सचिवमा बोर्ड अधिकृत हरिसिंह रैखोला रहनुभएको छ ।

स्टोरी बैंक मूल्यांकन तथा छनोट समिति संयोजकमा बोर्ड सदस्य बिसी, सदस्यहरूमा चलचित्रकर्मी शिव ढकाल र जगदीश्वर थापा हुनुहुन्छ । मोफसलका चलचित्र मूल्यांकन तथा छनोट समितिको संयोजकमा बोर्ड सदस्य बिसी, सदस्यहरूमा किशोर साम्बाम्फे, सुचित्रा श्रेष्ठ र नहकुल खड्का रहनुभएको छ ।

## ‘भुसको आगो’को लोकार्पण



**काठमाडौं/हिटा ।** अमेरिकाको ओहायो राज्यमा रमेश दियालीको उपन्यास ‘भुसको आगो’को लोकार्पण गरिएको छ । विश्वकर्मा सोसाइटी अफ अमेरिका (बिएसएस)को आयोजनामा एक कार्यक्रमबीच प्रमुख अतिथिहरू गंगाराम लामिटारे, शिवलाल दाहाल, भोला शिवाकोटी ‘पुरानाघरे’, खेम रिजाल, पुष्पा गजमेर र लीला निशाले उक्त कृतिको लोकार्पण गर्नुभएको हो ।

लेखक रमेश दियालीले आफ्नो पुस्तकको मुख्य सन्देश र लेखन प्रक्रियाबारे प्रकाश पार्नुभएको थियो । उहाँले भन्नुभयो, ‘यस उपन्यासले नेपाली समाजको यथार्थ, प्रेम, संघर्ष र मानवीय सम्बन्धका विविध आयामलाई उजागर गरेको छ ।’

कार्यक्रममा वक्ताहरू गंगाराम लामिटारे र खेम रिजालले साहित्य प्रवर्द्धनमा यस्ता कार्यक्रमहरूको महत्त्वबारे प्रकाश पार्नुभएको थियो । पुस्तकको समीक्षा लेखक शिवलाल दाहालले गर्नुभएको थियो । दाहालले कृतिको समीक्षा गर्दै भन्नुभयो, ‘रमेश दियालीको लेखन शैली सरल र मृदुभाषी छ । उपन्यासकारले समाजका विविध पक्षहरूका सत्य र यथार्थ विषयलाई पुस्तकमार्फत् उजागर गरेका छन् ।’ कार्यक्रमको उद्घाटन र सञ्चालन अब्राहम दियालीले गर्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य बिएसएका अध्यक्ष अर्जुन रसाइलीले राख्नुभएको थियो ।

## थारू गीत ‘मच्छी मारे जाई’



**काठमाडौं ।** नरेश जोगीको शब्द, संगीत र स्वरमा रहेको थारू गीत ‘मच्छी मारे जाई’को सार्वजनिक भएको छ । नरेश जोगीलाई आरके थारू, राज कुश्मी, सोनु कुश्मी, आरजु चौधरीले स्वरमा साथ दिएको गीतको भिडियो सार्वजनिक भएको हो । नरेशकै निर्देशन रहेको गीतको भिडियोमा नरेश, समीक्षा चौधरी, रुनी चौधरी, दिपिका चौधरी, निरज चौधरीलगायत कलाकारको अभिनय । दया चौधरीको छायांकन रहेको भिडियोमा मिलन विश्वकर्माको सम्पादन छ ।

## ‘दुखी आत्मा’को टिजरमा द्विअर्थी लाग्ने संवाद



**काठमाडौं ।** आगामी फागुन २ गतेदेखि सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र ‘दुखी आत्मा’को टिजर सार्वजनिक भएको छ ।

तीन मिनेट १५ सेकेण्डको टिजरका अधिकांश संवाद द्विअर्थी छन् । दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा तयार भएको यो चलचित्रमा हिमाल कडरियाको लगानी छ । सुदीप ढकाल कार्यकारी निर्माता रहेको चलचित्रमा आलोक शुक्लाको छायांकन, निमेष श्रेष्ठको सम्पादन छ ।

सार्वजनिक टिजरमा चलचित्रका मुख्य दुई कलाकार नायक दयाहाङ राई र नायिका आँचल शर्मालाई प्राथमिकता दिइएको छ ।

टिजरमा राखिएका द्विअर्थी संवादलाई सुन्ने हो भने चलचित्रले एडल्ट कथावस्तुलाई प्राथमिकता दिएको बुझ्न सकिन्छ । चलचित्रमा अनुप विक्रम शाही, बुद्धि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, आरती आचार्य, आशान्त शर्मा, दिया मास्के, लुनिभा तुलाधर, शिशिर वाङ्देललगायतका कलाकारको अभिनय छ ।

# शुभमुहूर्तसँगै छायांकनमा ‘सोल्टिनी’

**हिमालय टाइम्स**
इलाम, २४ पुस



चलचित्र ‘सोल्टिनी’ को छायांकन प्रारम्भ भएको छ । मंगलबार इलामको रोङमा रहेको सानो पाथीभरा मन्दिरमा शुभमुहूर्त गर्दै ३१ दिनको तालिकासहित छायांकन प्रारम्भ भएको हो । अर्जुन सुवेदीको निर्देशन रहने यो चलचित्रमा अभिनेता प्रकाश सपुत, अभिनेत्रीद्वय परीक्षा लिम्बु र सब्बु गुरुङ तथा कलाकार सुन्दर धितालले मन्दिर परिसरमै चलचित्रका लागि पहिलो र महत्त्वपूर्ण शट दिनुभएको थियो । चलचित्र इलाम तथा भोजपुरको रमणीय प्राकृतिक सौन्दर्यमा छायांकन हुनेछ ।

चलचित्रमा प्रकाश सपुत, विल्सन विक्रम राई, परीक्षा लिम्बु, सब्बु गुरुङ, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुन्दर धिताल, सुजन खतिवडालगातका कलाकारको अभिनय रहने जनाइएको छ । सपुतले ‘भीमसेन पोखरेल’ र लिम्बुले ‘दिलासा राई’को मुख्य भूमिका निभाउने चलचित्र घोषणामा नै बताइएको थियो । यो जोडी पहिलो पटक एकसाथ पर्दामा देखिन लागेको हो ।

यो चलचित्रले समाजमा व्याप्त अमानवीयता र जातीय भेदभावका विरुद्ध आवाज उठाउनेछ । साथै, दुई प्रमुख पात्रबीचको प्रेम कथा पनि यसको मुख्य आकर्षण रहनेछ । चलचित्रको संगीत प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतले दिनुभएको छ भने छायांकन सुशन प्रजापतिले गर्दै हुनुहुन्छ । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिने र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बन्न लागेको यो चलचित्रका निर्माताहरू रेजिना विष्ट र संसार चौलागाईं हुनुहुन्छ ।

ट्राइडेन्ट कन्सेप्टले पब्लिसिटी डिजाइन गर्नेछ भने आरआर फिल्मस् प्रा.लि.ले नेपाल र नेपसिनेले विदेश वितरण गर्नेछन् । डिजिटल अधिकार ओएसआर डिजिटलले खरिद गरेको छ ।


## जनता माध्यमिक विद्यालय
बर्दिवास न.प.-२, महोत्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति:- २०८१/०९/२५)

यस विद्यालयबाट मिति २०८१/८/०७ गते नेपाली राष्ट्रिय दैनिक हिमालय टाइम्स मा प्रकाशित सुचना अनुसार विधुतीय प्रणाली (E-Bid) मार्फत निर्धारित समय भित्र रित पुर्वक दर्ता हुन् आएका बोलपत्रहरूमध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर र PS बाहेक ) |
|---|---|---|---|
| JHSS/NCB/Works /2081/082-01 | Construction of Under construction (3-C-12) Class Building & Multipurpose Hall Block | Upasana Construction And Suppliers Pvt. Ltd. Bardibas-01, Mahottari | Rs. 5486177.59 |

प्रधानाध्यापक



## Road Division Mahendranagar

**Notice for the Intent to Accept the Bid**

(Date of publication: 2081/09/25 (9th January 2025)

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the concerned bidders that, our intention is to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S N | Contract Number | Project Name | Name and Address of the Contractor | Quoted Amount NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDMNR/ 33701169 /081/82-35 | Road Improvement Works on Daijee-Lipna-Jogbudha Road, (Bedkot Municipality-01) Kanchanpur. | M/s Sansher Nirman Sewa, Dhangadhi-04, Kailali. | 6,060,060.50 |

Division Chief



नेपाल सरकार
## शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
सुदूर पश्चिम प्रदेश, धनगढी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१/०९/२५

यस कार्यालयबाट मिति २०८१/०८/११ मा PPMO को e-procurement portal https://bolpatra.gov.np/egp १ हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारका सडक निर्माण मर्मत/सम्भार कार्यको लागि दाखिला भएका बोलपत्रहरू मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि बोलपत्र मूल्याङ्कन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ (संशोधन समेत) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का सूचना नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS समेत) |
|---|---|---|
| LIDPO/DHA/W/R/NCB/04/081-81 | M/S Gorill Nirman sewa ,Dhangadhi -05,Kailali | 13, 182,744.28 |
| LIDPO/DHA/W/R/NCB/05/081-81 | M/s Krish Nirman Sewa ,Beldandi Ga.pa.- 2, Kanchanpur | 12,551,068.59 |
| LIDPO/DHA/W/R/NCB/07/081-81 | M/S G.N.S.Construction Pvt.Ltd.,1-Lamkichuhap | 8,709,596.51 |
| LIDPO/DHA/W/R/NCB/08/081-81 | M/S kalirakshya Builders & Suppliers Pvt.Ltd.,10-Pahalmanpur nagarpalika Ghodaghodi, kailali | 6,599,675.14 |
| LIDPO/DHA/W/R/NCB/09/081-81 | M/S Nagarjun Constructions, Sailyasikhar Na.Pa.-9 Darchula. | 10,514,743.96 |
| LIDPO/DHA/W/R/NCB/10/081-81 | M/S Nuwadeu Construction ,Durgathali Ga.Pa.-7, Bajhang | 11,502,663.35 |
| LIDPO/DHA/W/R/NCB/11/081-81 | M/S Attyal Nirman Sewa,Bu.Na.pa.11,Bajhang | 10,218,130.48 |
| LIDPO/DHA/W/R/NCB/12/081-81 | M/S M.J.Construction Dipayal ,Silagdhi Muncipality-06, Doti | 10,147,367.22 |
| LIDPO/DHA/W/R/NCB/13/081-81 | M/S A.R.Engineering Consultancy & Construction Pvt.Ltd.,Mangalsen-5, Achham | 11,276,879.99 |



प्रदेश सरकार
## खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
सुनसरी, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८१/०९/२५

यस कार्यालयले तपशिलमा उल्लेखित खरिद कार्यको लागि मिती २०८१/०८/१६ मा राष्ट्रिय दैनिक पत्रिका "हिमालय टाइम्स" मा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | स्वीकृत रकम मू.अ.क. सहित रु. |
|---|---|---|---|---|
| 1 | wssdo/sunsari/ treatment plant/ 05-081/82 | Supply, Delivery and Installation of Water Treatment Plant of Various Water Supply Project. | OCEAN PATHIBHARA J/V | 82,42,947.00 |
| 2 | wssdo/sunsari/ Ratuwamai-3/06-081/82 | Construction Of 225 cum OHT for Ratuwamai-03 Water Supply Project | TadaNirman Sewa | 93,12,994.58 |
| 3 | wssdo/sunsari/ Ullupatu/oht/ 06-081/82 | Construction Of 225 cum OHT for Ullupatu Water Supply Project | Sasidhar Nirman Sewa and Kattel Suppliers | 92,07,979.12 |

डिभिजन प्रमुख

## ‘बिनास्वादै’ भन्दै अनिल



**काठमाडौं ।** गीतकार अनिल खनालको नयाँ गीत ‘बिनास्वादै’ सार्वजनिक भएको छ ।

लोकदोहोरी, आधुनिक, चलचित्रसहित विभिन्न विधामा कलम चलाउँदै आउनुभएका युवा गीतकार खनालको अर्को गीत ‘बिनास्वदै’ डिजिटल प्लेटफर्म रामचन्द्र चन्दमार्फत सार्बजनिक भएको हो ।

रामचन्द्र चन्दको संगीत र स्वर रहेको गीतमा गोविन्द अनेकले एरेन्ज छ । राज केसीको निर्देशन रहेको गीतको भिडियोमा रामचन्द्र, संरचना ठकुरी, रञ्जु ठकुरी, दुर्गाप्रसाद खरेल, प्रकाश बास्कोटा, संगीता बास्कोटा, श्याम बास्कोटालगायत कलाकारको अभिनय छ ।

## बिजेन्द्र नौबागेको ‘पूर्वेली नानी’



**काठमाडौं ।** बिजेन्द्र नौबागेको शब्द तथा संगीत रहेको गीत ‘पूर्वेली नानी’ सार्वजानिक भएको छ । दिवान किनारको संगीत संयोजन, मेलिना राई र प्रवीन राईको स्वर रहेको गीतको भिडियो सार्वजनिक भएको हो । एक्टिभ इन्टरटेनमेन्ट आफिसियल युट्युब च्यानलमार्फत सार्वजानिक गरिएको गीतको भिडियोमा बिजेन्द्रसँगै अस्मिता पुरी, बाल कलाकार मञ्जली तामाङ र आदित्य लम्सालको अभिनय छ । बिजेन्द्रकै निर्देशन रहेको गीतको भिडियोमा दिपेश एसकेको नृत्य निर्देशन, रोजिना श्रेष्ठको शृंगार, केशव अधिकारीको छायांकन, प्रेम शर्मा पौडेलको सम्पादन र ओमप्रसाद प्रसाईंको कलरिङ छ ।

## म्युजिक खबर अवार्डको १२औं संस्करणका लागि आवेदन खुला




**काठमाडौं ।** म्युजिक खबर अवार्डको १२औं संस्करणका लागि आवेदन खुला भएको छ । आयोजकले एक विज्ञप्ति जारी गर्दै नयाँ संस्करणका लागि आवेदन खुला भएको जनाएको हो ।

विसं २०६९ सालबाट निरन्तर रूपमा आयोजना हुँदै आएको यो अवार्डको १२औं संस्करणका लागि स्रष्टा कलाकारले आफ्नो सिर्जना सहभागी गराउन सक्नेछन् । अवार्डमा राष्ट्रिय भाव, चलचित्र, आधुनिक, लोकदोहोरी, पप र कल्चरल गीत गरेर विभिन्न ३८ विधामा अवार्ड प्रदान गरिनेछ ।

‘स्तरीय एवं मौलिक संगीतको धार नेपाली गीतसंगीतकार आधार’ भन्ने मूल नारा लिएर आयोजना गरिँदै आइएको यस अवार्डलाई शुभकामना मिडिया सोलुसनले आयोजना गर्दै आएको छ । म्युजिक खबरको प्रस्तुतिमा रहेको यस अवार्डमा म्युजिक खबर फाउण्डेशनले सहकार्य गर्दै आएको छ ।

# ‘किलिमन्जारो’ दोस्रो अंकको विमोचन



**हिमालय टाइम्स**
काठमाडौं, २४ पुस

अनेसास अफ्रिका महादेश च्याप्टरको ‘किलिमन्जारो-२’ अंकको विमोचन गरिएको छ । काठमाडौंमा एक विशेष कार्यक्रमबीच नेपाल प्रज्ञा-प्रतिष्ठानको सभा हलमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसास अफ्रिका महादेशीय च्याप्टरको आयोजना तथा अनेसास नेपाल च्याप्टरको सहआयोजनामा अनेसास अफ्रिका महादेशीय च्याप्टरको साहित्यिक प्रकाशन ‘किलिमन्जारो’को दोस्रो अंकको विमोचन गरिएको हो । अनेसास नेपाल च्याप्टरका अध्यक्ष राजेन्द्र केसीको सभापतित्वमा भएको उक्त कार्यक्रमका प्रमुख अतिथि प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राई रहनुभएको थियो ।

अनेसास अफ्रिका महोदेशीय च्याप्टरकी कोषाध्यक्ष तिर्सना कोइरालाले मन्तव्यमार्फत स्वागत गर्नुभएको कार्यक्रममा प्रमुख अतिथि कुलपति भूपाल राई, विशिष्ट अतिथि तथा कार्यक्रमका मुख्य वक्ता प्राडा. गोविन्दराज भट्टराई, विशेष अतिथिहरूमा अनेसास केन्द्रीय सल्लाहकार हिक्मत थापा, अनेसास केन्द्रीय उपाध्यक्ष (अफ्रिका) गणेश खड्का, उपाध्यक्ष (एशिया) सरिता अर्याल, अनेसास केन्द्रीय सल्लाहकार लीला लुइँटेल, अनेसास अनेसास केन्द्रीय सदस्य सुमन वर्षा, अनेसास नेपाल च्याप्टरका सल्लाहकार रामप्रसाद दाहाल, कवि श्रवण मुकारुङलगायत मञ्चासिन व्यक्तित्वहरूद्वारा किलिमन्जारो अंक दुईको लोकार्पण गरिएको थियो ।

अनेसास नेपाल च्याप्टरकी कोषाध्यक्ष कमला रिसालले सञ्चालन गरेको उक्त कार्यक्रममा विशिष्ट अतिथि प्राध्यापक गोविन्दराज भट्टराईले अफ्रिकाजस्तो महादेशमा अनेसासको प्रवेशको विषय तथा किलिमन्जारो पुस्तकका विषयमा प्रकाश पार्नुभएको थियो ।

अनेसासका केन्द्रीय उपाध्यक्ष तथा किलिमन्जारोका संस्थापक एवं प्रधान सम्पादक तथा अनेसास अफ्रिका च्याप्टरका संस्थापक अध्यक्षसमेत रहनुभएका गणेश खड्काले अफ्रिका महादेशीय च्याप्टर गठनको अवस्थादेखि किलिमन्जारोको प्रकाशनको सुरुवातदेखि हालसम्मको अवस्थाका साथै आइपरेका दुःखसुखका विषयमा चर्चा गर्नुभएको थियो ।

प्रमुख अतिथि कुलपति राईले अफ्रिका महादेशलाई कालो महादेश भनिए पनि त्यस्तो नभएको कुरा व्यक्त गर्दै अफ्रिका महादेशका बारेमा र प्रधान सम्पादक गणेश खड्कालगायत च्याप्टरका पदाधिकारी तथा सदस्यहरूले गरेको कार्यका प्रशंसा गर्नुभएको थियो ।

कार्यक्रममा अफ्रिका महोदशीय च्याप्टरले गरेका गतिविधिको प्रशंसा गर्दै किलिमन्जारो अंक २ को सफलताका लागि वरिष्ठ कवि श्रवण मुकारुङ, सल्लाहकार लीला लुइँटेल नि.उपाध्यक्ष डा.रेनुका सोलु, उपाध्यक्ष सरिता अर्याल आदिले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमका सभापति तथा नेपाल च्याप्टरका अध्यक्ष राजेन्द्र केसीले अफ्रिका महादेशीय च्याप्टर र किलिमन्जारो साहित्यिक पत्रिका एकअर्काका परिपूरक भएको र किलिमन्जारोविना अफ्रिकाको अस्तित्व नभएजस्तै किलिमन्जारो साहित्यिक पत्रिकाविना अफ्रिका च्याप्टर पनि अपूरो हुने कुरा बताउँदै यस प्रकाशनको निरन्तरताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा विशेष अतिथि अनेसास पुरस्कार समितिका निवर्तमान अध्यक्ष तथा अनेसास सर्वोत्कृष्ट पुरस्कारदाता प्राध्यापक डा. गोपी उप्रेती, अनेसासका निवर्तमान उपाध्यक्ष (एशिया)का डा.रेणुका सोलु, वरिष्ठ संगीतकार महेश खड्का, अनेसास दर्पणका कार्यकारी सम्पादक तथा किलिमन्जारो २ का अतिथि सम्पादक रमेश दाहाललगायत अनेसास नेपाल च्याप्टरका उपाध्यक्ष मञ्जिला शर्मा, निर्मलरमण पराजुली, महासचिव रञ्जना निरौला, सदस्य शान्ति रिसाललगायत नेपाल च्याप्टरका पदाधिकारी एवं सदस्यहरूको उपस्थिति थियो ।

कार्यक्रममा अनेसास निवर्तमान कोषाध्यक्ष किशोर श्रेष्ठ, अनेसास अफ्रिका च्याप्टरका कोषाध्यक्ष तिर्सना कोइराला, अनेसास पोर्चुगल च्याप्टरका महासचिव एनबी अञ्जान, कलाकार जेबी डिसी, साहित्यकारहरू गीता नेपाल, हरिश कल्पित, राजरजकलगायत साहित्यकारहरूको उल्लेख्य उपस्थिति थियो ।

## रुसी वायु सेनाले प्रयोग गर्ने तेल डिपोमा आक्रमण



**किएभ ।** युक्रेनले रूस-युक्रेन साझा सीमाबाट सयौं किलोमिटर टाढा रुसी वायु सेनालाई सेवा प्रदान गर्ने रुसी तेल डिपोमा आफ्नो सेनाले आक्रमण गरेको बुधबार जनाएको छ । क्रेमलिनले युक्रेनमाथि आक्रमण सुरु गरेको करिब तीन वर्षपछि मस्को र किएभले ऊर्जा र सैन्य केन्द्रहरूलाई लक्षित गरी सीमापार आक्रमण गरेको शृंखलाको यो पछिल्लो आक्रमण हो । ‘युक्रेनी सेनाले सारातोभ क्षेत्रमा रहेको एंगेल्सस्थित रुसी तेल डिपोमा आक्रमण गरेको छ’, युक्रेनी जनरल स्टाफले सामाजिक सञ्जालमा जारी गरेको विज्ञप्तिमा भनिएको छ । ‘यो तेल डिपोले एंगेल्स-२ सैन्य हवाई क्षेत्रलाई इन्धन प्रदान गरेको छ, जहाँ रुसी शत्रुको रणनीतिक उड्डयन रहेको छ’, विज्ञप्तिमा भनिएको छ ।

रुसी अधिकारीहरूले यसअघिको वक्तव्यमा युक्रेनले मानवरहित हवाई वाहनले उक्त क्षेत्रमा आक्रमण गरेको स्वीकारेका थिए । युक्रेनको रक्षा मन्त्रालयले आफ्नो हवाई प्रतिरक्षा प्रणालीले सारातोभ क्षेत्रमा ११ सहित ३२ वटा युक्रेनी ड्रोनलाई खसालेको जनाएको छ ।

यस क्षेत्रका गभर्नर रोमन बुसार्गिनले युक्रेनी ड्रोन आक्रमणपछि आगलागी भएको स्थानमा आपतकालीन टोली पठाइएको जानकारी दिनुभयो । आक्रमणमा कोही पनि घाइते नभएको बुसार्गिनले बताउनुभयो ।

किएभले युक्रेनमा लडिरहेका रुसी सेनालाई आर्थिक सहयोग गर्न प्रयोग हुने रुसी ऊर्जा राजस्वमा कमी ल्याउने प्रयासको एक हिस्सा तेल प्रशोधन केन्द्रमा यसअघिका आक्रमणहरू भएको दाबी गरेको छ । रासस/एएफपी ।


**Bhairabi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Bhairikalikathum, Dailekh**
**Karnali Province, Nepal**

**Invitation of Electronic Bids**

**Date of publication: 2081-09-25 (09-01-2025 )**

1. Bhairabi Rural Municipality, Dailekh invites electronic bids from Nepalese eligible bidders for the construction Work mentioned as BOQ under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the PPMO E-GP system visit PPMO website www.bolpatra.gov.np/egp shall submit their bid electronically written application along with the copy of company/form registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
   - **Name of the Bank:** Himalayan Bank Ltd.
   - **Name of Office :** Bhairabi Rural Municipality, Dailekh
   - **Internal revenue (rajaswa) account no:** Ga 1 antarik rahaswa khata 26550739280107 (for Bid document fee only)
   - **Revenue Code no :** 14229
   - **Bid Security Deposit (Dharauti) Account Number :** 26550739280093 (For Bid Security Only)
3. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid which shall be valid for 30 days beyond the validity period of the bid.

| Bid no. | Description of works | Estimated amount (without of VAT and Contingencies) | Bid security | Bid document fee | Last date of bid submission |
|---|---|---|---|---|---|
| BRM/RCW/ NCB/ 04/ 2081/82 | Road Upgrading of sahidgate- dadimadi- sillangi-bhotigadi (RCC & PCC plumb cocrete Gabion Work) | NRs. 8,426,659.59 | NRs. 260,000.00 | NRs. 3,000.00 | 2081/10/27 09-02-2025 12:00 PM |
| BRM/WS/ NCB/ 05/ 2081/82 | Construction of Majuwa Khanepani Yojana (Construction of RVT & pipe line) | NRs. 34,22,293.00 | NRs. 90,000.00 | NRs. 3,000.00 | 2081/10/27 09-02-2025 12:00 PM |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specify for the original last date of bid submission.
5. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief administrative officer**



**Invitation for Bids**

**Molung Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Prapcha, Okhaldhunga**

**Invitation for Bids for works described as below**

**First Date of Publication: 09-01-2025**

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following works under NCB.
For the further information, please visit E-GP portal of PPMO i.e. (**https://www.bolpatra.gov.np** ).

| S. N. | Description of Work | Contract Identification No | Last date of bid submission | Estimated Amount, NRs (including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs |
|---|---|---|---|---|---|---|
| 1 | Santadevi to Kuntadevi Temple Road Upgrading Project | 03/NCB/WORKS/ MRM/081/82 | 10-02-2025 12:00 | 3653794.65 | 100000 | 3000 |


## ‘दी ब्रुटालिस्ट’ उत्कृष्ट



**एजेन्सी ।** गोल्डेन ग्लोब्स अवार्डमा अमेरिकन चलचित्र ‘दी ब्रुटालिस्ट’ले वर्चस्व कायम गरेको छ । युद्धपछिको आप्रवासी अनुभव दर्शाउने यस चलचित्रले पाँच विधामा उत्कृष्ट अवार्ड हात पार्दै यसवर्ष हुने ओस्कारमा आफ्नो दरिलो उपस्थिति देखाउने पक्का छ । यसैगरी शल्यक्रियामार्फत लिंग परिवर्तन गर्ने लागूऔषध कारोबारी गिरोहको मालिकको कथावस्तुमा आधारित चलचित्र ‘इमिलिया पेरेज’ले पनि चार विधामा आफूलाई उत्कृष्ट बनाएको छ ।

८२औं संस्करणको अवार्डमा इमिलिया पेरेज दशवटा विधामा मनोनयनमा परेको थियो । ‘इमिलिया पेरेज’ले उत्कृष्ट म्युजिकल/कमेडीसहित चार विधामा अवार्ड जित्यो । ‘दी ब्रुटालिस्ट’ले उत्कृष्ट चलचित्र (ड्रामातर्फ)सहित उत्कृष्ट अभिनेताको अवार्ड हात पार्‍यो । चलचित्रबाट एड्रिन ब्रोडीले उत्कृष्ट अभिनेताको अवार्ड पाउनुभयो । सोही चलचित्रबाट ब्राडी कार्बेट उत्कृष्ट निर्देशक बन्नुभयो । चलचित्र आई एम स्टिल हियरबाट फेरान्डा टोरेस उत्कृष्ट अभिनेत्री बन्न सफल हुनुभएको छ । जापानको सामन्ती अवस्थाको कथा भन्ने निर्देशक हुलुको ‘सोगुन’ले टेलिभिजनको ड्रामातर्फ चारवटा पुरस्कार जित्न सफल भयो । यसैगरी नेटफ्लिक्सतर्फ म्युजिकल/कमेडी र उत्कृष्ट गैरअंग्रेजीमा इमिलिया पेरेज उत्कृष्ट चलचित्र बनेको छ ।

## ‘सरकार अर्थतन्त्र सुधार गर्न नीतिगत र संरचनागत सुधारमा लागेको छ’



**काठमाडौं ।** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको अर्थतन्त्रलाई सुदृढ गर्न सरकार नीतिगत र संरचनागत सुधारमा केन्द्रित रहेको बताउनुभएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको पाँचौं समीक्षा मिसन टोलीसँग शिष्टाचार भेटका क्रममा अर्थमन्त्री पौडेलले पछिल्लो समय अर्थतन्त्रमा सुधार भइरहेको र नीतिगत तथा संरचनागत सुधारले थप परिणाम ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको हो ।

अर्थमन्त्री पौडेलले अर्थतन्त्रमा देखा परेका मुद्दाहरूलाई ऐन कानुन तथा नीति र संवादबाट सम्बोधन गर्न र सुधारका कामहरू अघि बढाउन सरकारले विशेष ध्यान दिएको जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त सुझावलाई राष्ट्रिय सन्दर्भ र आवश्यकताअनुसार अघि बढाउने उहाँले बताउनुभयो । अर्थमन्त्री पौडेलले अन्तर्राष्ट्रिय मुद्रा कोषसँगको सहकार्यमा पाँचौं समीक्षाको सफलता निकै महत्त्वपूर्ण हुने उल्लेख गर्दै सो क्रममा नेपाली पक्षबाट पर्याप्त सहकार्य एवं समन्वय हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

अर्थतन्त्र सुधारका विषयमा उठेका विषयहरूबारे सम्बन्धित निकायसँग थप संवाद र परामर्श गर्न समीक्षा मिसनलाई आग्रह गर्नुभएको थियो । सर्वत जहानको नेतृत्वको अन्तर्राष्ट्रिय मुद्रा कोषको टोलीले विगतका सुधारका कार्यक्रमहरूको समीक्षा जारी रहेको र आगामी दिनका लागि गृहकार्यमा रहेको जानकारी गराएको थियो ।

## कारोबारमा उत्साहसहित साढे ६ अंकले बढ्यो नेप्से



**काठमाडौं ।** बुधबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) बढेसँगै कारोबारमा पनि उत्साह देखिएको छ । नेप्से ६.५३ अंकले बढ्दा ६ अर्ब ४० करोड ८० लाख रुपैयाँ बराबरको कारोबार भएको छ । नेप्से ०.२४ प्रतिशतले बढ्दा परिसूचक २६५३.३८ बिन्दुमा पुगेको छ । १३९ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने ९५ वटा कम्पनीको सेयर मूल्य घटेको छ । आठवटा कम्पनीको सेयर मूल्य भने स्थिर रहेको छ । ३०५ वटा कम्पनी कारोबारमा आउँदा ७२ हजार १२० पटक सेयर किनबेच भएको छ ।

पाँचवटा कम्पनीको सेयर सकारात्मक सर्किट लेबलमा कारोबार भएको छ भने दुईवटा कम्पनीको नकारात्मक लेभलमा कारोबार भएको छ । यस्तै, बुधबार १३ समूहमध्ये सातवटा समूह घटेको छ भने बाँकी ६ वटा समूह बढेको छ । सबैभन्दा बढी फाइनान्स समूह ४.७७ प्रतिशतले बढेको छ भने सबैभन्दा कम ०.२६ प्रतिशतले हाइड्रोपावर समूह बढेको छ । सबैभन्दा बढी ट्रेडिङ समूह १.५६ प्रतिशतले घटेको छ भने सबैभन्दा कम होटल तथा पर्यटन ०.०६ प्रतिशतले घटेको छ ।

समृद्धि फाइनान्स कम्पनी लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । बुधबार सबैभन्दा बढी न्यादी हाइड्रोपावर लिमिटेडको २२ करोड ५३ लाख रुपैयाँ ४९ हजार ५९७ को कारोबार भएको थियो ।

## महालक्ष्मी विकास बैंकद्वारा अटिजम सिकाइ केन्द्रलाई सहयोग



**दमक ।** महालक्ष्मी विकास बैंकले अटिजम सिकाइ केन्द्रलाई सहयोग गरेको छ । बैंकको दमक शाखाले दमक-९ स्थित सरस्वती माध्यमिक विद्यालयले सञ्चालन गरेको अटिजम सिकाइ केन्द्रलाई सहयोग गरेको हो । अटिजम भएका विद्यार्थीहरूको शैक्षिक क्रियाकलापलाई थप प्रभावकारीरूपमा सञ्चालन गर्न एक थान कम्प्युटर र एक थान प्रिन्टर सहयोगस्वरूप प्रदान गरेको बैंकले जनाएको छ । हाल विद्यालयमा २४ जना अटिजम भएका विद्यार्थीहरू अध्ययनरत छन् ।


# बारपाक सुलिकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, नेपाल

**नदिजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र/दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/२५ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस बारपाक सुलिकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०८१/२०८२ को लागि नदिजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री कार्य बोलपत्र प्रणाली मार्फत ठेक्का बन्दोबस्त गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्म/कम्पनीहरुले सिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र शिलबन्दी बोलपत्र/दरभाउपत्र हार्ड कपि मार्फत यस कार्यालयमा वा https://bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन सुचित गरिन्छ । अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी वा वेभसाइट www.barpaksulikotmun.gov.np तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| ठेक्का नं | स्थान | नदिजन्य पदार्थको परिमाण (घ. मि.) | न्युनतम बिक्रि मुल्य (रु.) (भ्याट र आयकर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउ पत्र दस्तुर | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BSRM/GO/RBM /081/082-09 | कालिका हाइड्रोपावर ड्याम साइट बारपाक सुलिकोट-४ | ३३६४२.०० | १,०६,८५,०३५.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.३०००.० | २०८१/१०/२५ कार्यालय समय भित्र | २०८१/१०/२७ १२:०० बजे भित्र |
| BSRM/GO/RBM /081/082-10 | ताल्खोला क्षेत्र बारपाक सुलिकोट-८ | ५८३२.०० | १८,५२,३०१.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.३०००.० | २०८१/१०/२५ कार्यालय समय भित्र | २०८१/१०/२७ १२:०० बजे भित्र |
| BSRM/GO/RBM /081/082-11 | सोती झरना रौंगरुंग,बारपाक सुलिकोट-१ | २६८१.०० | ८,५१,५१२.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | २०८१/१०/१० कार्यालय समय भित्र | २०८१/१०/११ १२:०० बजे भित्र |
| BSRM/GO/RBM /081/082-12 | वालुवा पुल माथि,बारपाक सुलिकोट-१ | ३८८८.०० | १२,३४,८६७.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | २०८१/१०/१० कार्यालय समय भित्र | २०८१/१०/११ १२:०० बजे भित्र |
| BSRM/GO/RBM /081/082-13 | भोर्लेटार गाउँ ,दरौंदी नदि र हुडीखोला दोभान बारपाक सुलिकोट-५ | ४७५२.०० | १५,०९,२८२.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | २०८१/१०/१० कार्यालय समय भित्र | २०८१/१०/११ १२:०० बजे भित्र |
| BSRM/GO/RBM /081/082-14 | सिम्ले बगर क्षेत्र बारपाक सुलिकोट-५ | ४३२०.०० | १३,७२,०७५.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM /081/082-15 | जलबिरे बगर क्षेत्र बारपाक सुलिकोट-५ | ३२५५.०० | १०,३३,८२०.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM /081/082-16 | डवालीटार बगर क्षेत्र बारपाक सुलिकोट-६ | ११२५.०० | ३,५७,३११.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | | |
| BSRM/GO/RBM /081/082-17 | मालिमटार बगर क्षेत्र बारपाक सुलिकोट-६ | ४२००.०० | १३,३३,९६२.०० | कबोल अंकको पाँच प्रतिसत (५%) | रु.१०००.० | | |

**बोलपत्र/दरभाउपत्र सम्बन्धी शर्तहरु:**

बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नं./मु.अ. करको प्रमाण पत्र तथा आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

१. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र/दरभाउपत्र फाराम बोलपत्र/दरभाउपत्र दाता स्वयम् वा रितपूर्वक लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई वा यस कार्यालयको ग्लोबल आइएमई बैंक लि. बारपाक सुलिकोट गाउँपालिकाको सुलिकोट शाखामा रहेको राजश्व खाता नं. (ग.१.१. आन्तरिक राजस्व बारपाक सुलिकोट, खाता न २४८०४०१००००१०, राजस्व शिर्षक १४२४३, कायायलय कोड: ८०४३६५०९३००) मा जम्मा गरि खरिद गर्नुपर्नेछ ।

२. बोलपत्र/दरभाउपत्र फाराम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकको कम्तिमा ५ प्रतिशतले हुन आउने धरौटी रकम ग्लोवल आइएमई बैंक लि. बारपाक सुलिकोट गाउँपालिकाको सुलिकोट शाखामा रहेको धरौटी खाता नं. (ग. ३. स्थानीय धरौटी बारपाक सुलिकोट, बैंक खाता नम्बर २४८०४०१००००००७) मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ठेक्का नं ०९ र १० को हकमा हकमा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत पत्र (बिड वण्ड) र ठेक्का नं ११ देखि १७ सम्मको हकमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र (बिड वण्ड) गोप्य शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. बोलपत्र स्वीकृत भएपछि सुचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आयकर/मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरि पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ ।

४. ठेक्का नं ०९ र १० को हकमा प्रि बिड बैठक मिति २०८१/१०/१५ गते दिनको ११ बजे र ठेक्का नं ११ देखि १७ सम्मको हकमा प्रि बिड बैठक मिति २०८१/१०/०७ गते दिनको ११ बजे बसिनेछ ।

५. ठेक्का नं. ११ देखि १७ सम्मको हकमा स्वीकृत ठेक्का अंकलाई २ (दुई) किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता ६० % सम्झौताको बखत दाखिला गरी बाँकी ४० % को हकमा जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट २०८२ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) समझौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्नेछ र ठेक्का नं ०९ र १०-( कालिका हाइड्रो पावर ड्याम साइट बारपाक सुलिकोट-४ र ताल्खोला क्षेत्र बारपाक सुलिकोट-८) को हकमा ठेक्का अंकलाई ३ (तीन) किस्तामा विभाजन गरिनेछ, पहिलो किस्ता ३०% सम्झौताको बखत, ५०% उत्खनन, संकलनको काम सकेपछि दोस्रो किस्ता वापत ४०% र अन्तिम किस्ता ३०%, २०८२ साल जेष्ठ मसान्त भित्र नियमानुसार बुझाईसक्नु पर्नेछ । ७०% रकम जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट २०८२ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी (परफमेन्स वण्ड) समझौता भएको मितिले ७ दिन भित्र पेश गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तानी गर्दा समावेश गर्न पाईने छैन ।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.कर (VAT)१३% र अग्रीम आयकर वापतको १.५ % रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

७. शुल्क उठाउने रसिद ठेक्काको शिर्षक उल्लेख गरि ३/३प्रति भएको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गेरर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्नेछ ।

८. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएकोरित नपुगेको बोलपत्र/दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

९. पेश भएका बोलपत्र/दरभाउपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा बिक्री सम्बन्धमा केन्द्रिय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति एवम् गाउँपालिका स्तरीय अनुगमन समितिबाट निर्देशन भए बमोजिम हुनेछ ।

११. गाउँपालिकाको व्यक्तिगत तथा निषेधित क्षेत्रवाहेकका नदी दायाँबायाँ किनारको ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ उपयोग तथा बिक्री कर तोकिएको डिपोबाट अशुल हुनुपर्ने छ । तर नदीनालाको पुल तल माथि दुवैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन ।

१२. प्राकृतिक साधन उपयोग तथा बिक्री कर अशुल गर्दा यस कार्यालयले तोकेको दरेटमा मात्र अशुली गर्नुपर्नेछ ।

१३. ढुंगा, गिट्टी, बालुवाको उत्खनन् तथा ढुवानी कार्य सुर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन ।

१४. प्राकृतिक श्रोत साधन ओसारपसार गर्दा निश्चित तोकिएको एउटामात्रै बाटो प्रयोग गर्नु पर्नेछ तथा निकासीका लागि प्रयोग गरिएको बाटो गाउँपालिका कार्यालयको निर्देशनमा बोलपत्र/दरभाउपत्रदाताले मर्मत सुधार गर्नुपर्नेछ ।

१५. ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून बिल काटी ढुवानीका साधन सडकमा गुडाउन, र ढुंगा, गिट्टी, बालुवा पानी चुहाएर वा नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन ।

१६. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्दी गर्न पाइने छैन, त्यसका लागि बोलपत्र/दरभाउपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्था गर्नु पर्नेछ ।

१७. कुनै पनि बन्द, हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावी गर्न पाइने छैनानदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा बोलपत्र/दरभाउपत्रदाता स्वयंले व्यवस्थापन गर्नुपर्नेछ ।

१८. माथि उल्लेखित शर्तहरु उल्लङ्घन गरेमा वा तोकिएको म्याद भित्र नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइने छासाथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

१९. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तब्य एवं दायित्व हुनेछानीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति, हानि नोक्सानी हुन गएमा सो को क्षतिपूर्तिको दायित्व ठेकेदारले गाउँपालिकासँग दाबि गर्न पाउने छैन ।

२०. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम, कार्यविधि, स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन २०८१ बमोजिम हुनेछ । प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०८१ का प्रावधानहरुको व्याख्या गर्ने अधिकार बारपाक सुलिकोट गाउँपालिकामा सुरक्षित रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## राष्ट्र बैंकले खिच्यो एक खर्ब ७० अर्ब रुपैयाँ



**काठमाडौं ।** नेपाल राष्ट्र बैंकले आठ दिनमा बैंक तथा वित्तीय संस्थाबाट एक खर्ब ७० अर्ब रुपैयाँ तानेको छ । बैंकले तीनपटक गरेर उक्त रकम तानेको हो । बैंकले निक्षेप संकलनमार्फत् जनवरी १ मा ४० अर्ब रुपैयाँ, जनवरी ५ मा ५० अर्ब खिचेको हो । बुधबार पनि राष्ट्र बैंकले ८० अर्ब रकम खिचेको छ । बैंकले १४ दिने निक्षेप संकलन जारी गर्दै बोलकबोलमार्फत् उक्त रकम बैंक तथा वित्तीय संस्थाबाट तान्न लागेको हो ।

यसअघि दुईपटक तान्दा भने राष्ट्र बैंकले २१ दिनका लागि निक्षेप संकलन गरेको थियो । यो पटक भने बैंकले निक्षेपको समयावधि घटाएर १४ दिनका लागि मात्रै तान्न लागेको हो ।

## नारायणी डेभलपमेन्ट बैंकको ९४ हजार कित्ता संस्थापक सेयर बिक्रीमा

**काठमाडौं ।** नारायणी डेभलपमेन्ट बैंकले संस्थापक सेयर बिक्रीमा ल्याएको छ । बैंकले संस्थापक सेयरधनीहरूको नाममा रहेको ९४ हजार ४३५ कित्ता संस्थापक सेयर बिक्रीमा ल्याएको हो । यसमा विद्यमान संस्थापक सेयरधनीहरूले मात्र आवेदन दिन सक्नेछन् । सेयर खरिद गर्न इच्छुक लगानीकर्ताले मंगलबारबाट ३५ दिनभित्र बैंकको केन्द्रीय कार्यालय रत्ननगर-१, टाँडी, चितवनमा आफूले के-कति सेयर खरिद गर्ने सोको बेहोरा खुलाई आवेदन फारम बुझाउनुपर्नेछ । तोकिएको मितिभित्र विद्यमान संस्थापक सेयरधनीहरूले सेयर खरिद नगरेमा सो सेयर सर्वसाधारण लगानीकर्ताले समेत किन्न सक्ने गरी बिक्री खुला गरिनेछ ।

## एनआइसी एसिया बैंकद्वारा पुस्तकालय भवन निर्माण



**चितवन ।** एनआइसी एसिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकभरका विभिन्न जिल्लाका सामुदायिक विद्यालयहरूमा पुस्तकालय भवन निर्माण गरेको छ । यसै क्रममा बागमती प्रदेशको चितवन जिल्लास्थित राप्ती नगरपालिका-७ मा अवस्थित श्री वीरेन्द्र आदर्श माध्यमिक विद्यालयमा पुस्तकालय उद्घाटन गरिएको छ । विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्रीहरू उपलब्ध गराई अध्ययन अध्यापनमा सहयोग गर्न र विद्यालयमा उत्कृष्ट शैक्षिक वातावरण सिर्जना गर्ने प्रमुख उद्देश्यले सम्बन्धित विद्यालय एवं स्थानीय तहको सक्रिय सहभागितामा बैंकको सहयोगमा पुस्तकालय भवन निर्माण गरिएको बैंकले जनाएको छ ।

# तीन दशमलव चार प्रतिशतमा खुम्चियो आर्थिक वृद्धिदर

**हिमालय टाइम्स**
काठमाडौं, २४ पुस




चालु आर्थिक वर्षको पहिलो त्रैमासमा मुलुकको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (जिडिपी) तीन दशमलव चार प्रतिशतमा खुम्चिएको छ । गत असोजको बाढीपहिरो र निर्माण क्षेत्रको नकारात्मक वृद्धिले आर्थिक वृद्धिदर संकुचित भएको हो । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार सरकारले चालु आर्थिक वर्षका लागि छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएकामा तीन दशमलव चार प्रतिशतमात्र हासिल भएको हो । अर्थतन्त्रमा योगदान गर्ने विभिन्न १८ क्षेत्रमध्ये १७ वटाको वृद्धिदर धनात्मक छ भने निर्माण क्षेत्रको वृद्धिदर भने ऋणात्मक छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा विद्युत् तथा ग्याँससँग सम्बन्धित क्रियाकलापको वृद्धिदर सबैभन्दा धेरै छ । यो क्षेत्र २१ दशमलव चार प्रतिशतले बढेको छ । यातायात तथा गोदाम क्षेत्रको योगदान छ दशमलव सात प्रतिशत रहेको छ ।

पहिलो त्रैमासमा आवास तथा भोजन सेवा क्षेत्र छ दशमलव तीन, वित्तीय तथा बिमा क्षेत्र पाँच दशमलव सात, प्रशासनिक सहयोगी सेवा क्षेत्रको वृद्धिदर पाँच दशमलव चार र पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाको वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ ।

चालु आवको प्रथम त्रैमासिकमा निर्माणजन्य वस्तुको आयातमा आएको गिरावटका कारण निर्माण क्षेत्र झिनो अंकले संकुचनमा रहेको अनुमान छ । निर्माण क्षेत्र शून्य दशमलव तीन प्रतिशतले नकारात्मक रहेको छ ।

अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको कृषि, वन तथा मत्स्य क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर तीन प्रतिशत हुने अनुमान छ । धानलगायतका बर्खे बालीको उत्पादनमा वृद्धि हुनुका साथै तरकारी तथा नगदेबाली र पशुपक्षीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको जनाइएको छ ।

समयमा मलको उपलब्धता, उन्नत बिउको प्रयोग तथा यथेष्ट मनसुनी वर्षाका कारण कृषिजन्य उत्पादनमा वृद्धि हुने अपेक्षा गरिए पनि बाढी र पहिरोका कारण कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुन नसकेको हो ।

अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्र पहिलो त्रैमासमा शून्य दशमलव पाँच प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ । कृषि तथा व्यापारजन्य वस्तुको स्वदेशी उत्पादनमा भएको सामान्य वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको सामान्य वृद्धिका कारणले गर्दा व्यापार क्षेत्रको वृद्धि धनात्मक दिशा उन्मुख भएको कार्यालयले जनाएको छ ।

समीक्षा अवधिमा औद्योगिक वस्तु उत्पादन क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर दुई दशमलव तीन, शिक्षा क्षेत्र शून्य दशमलव चार, स्वास्थ्य क्षेत्र चार दशमलव एक र घरजग्गा कारोबार क्षेत्र तीन दशमलव एक प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

# एडिपिएसको आर्थिक सहयोगमा कोन्ज्योसोममा उत्थानशील कृषि परियोजना

**हिमालय टाइम्स**
ललितपुर, २४ पुस



विन्डपावर नेपालले दिगो कृषि विकास र सीमान्तकृत महिलाहरूलाई सशक्त बनाउने उद्देश्यले कोन्ज्योसोम गाउँपालिकामा एसियन डिजास्टर प्रिप्रडिनस सेन्टर एडिपिएसको आर्थिक सहयोगमा अक्वापोनिक्स प्रणालीमार्फत् जलवायु उत्थानशील कृषि परियोजना सफलतापूर्वक कार्यान्वयन गरेको छ । यो कार्यक्रमको सुरुवात प्रारम्भिक परियोजना कार्यशालाबाट भएको थियो, जहाँ अक्वापोनिक्सका बारेमा जनचेतना फैलाउने र यस परियोजनाका उद्देश्यहरू स्पष्टरूपमा परिभाषित गरिएको थियो । यो अभियानअन्तर्गत १० जना सीमान्तकृत महिलाहरू चयन भएका थिए र उनीहरूको घरधुरीमा अक्वापोनिक्स प्रणाली जडान गरिएको थियो । साथै, गुप्तेश्वरी महिला विकास बहुउद्देश्यीय सहकारी संस्थामा एउटा विशेष प्रदर्शन अक्वापोनिक्स प्रणाली र माछा प्रजनन् केन्द्र पनि स्थापना गरिएको थियो ।

अक्वापोनिक्स प्रणालीको प्रभावकारी कार्यान्वयन र दिगोपन सुनिश्चित गर्नका लागि विन्डपावर नेपालले विभिन्न तालिमहरूको आयोजना गरेको थियो, जसमा सहभागीहरूलाई जलवायु परिवर्तनसँग अनुकूल हुने सीप र ज्ञान प्रदान गर्दै अक्वापोनिक्सले कृषि चुनौतीहरूको समाधान गर्न कसरी योगदान पुऱ्याउन सक्छ भन्ने विषयमा जानकारी गराइएको थियो । महिलाहरूलाई नेतृत्व क्षमताको विकास गर्न र निर्णय प्रक्रियामा सहभागी बनाउन लैंगिक र सामाजिक समावेशितामा आधारित विशेष तालिम पनि प्रदान गरिएको थियो । साथसाथै व्यावहारिक तालिमको शृंखलामा सहभागीहरूलाई प्रदर्शन प्रणालीमा अभ्यास गराउँदै माछा र बिरुवाको हेरचाह, पानीको गुणस्तर जाँच र पोषक तत्त्वहरूको व्यवस्थापनसम्बन्धी ज्ञान र प्रणालीमा देखिने समस्याहरू समाधान गर्ने व्यावहारिक सीप पनि प्रदान गरिएको थियो । साथै उत्पादित तरकारीको उचित मूल्य व्यवस्थापन र बजारीकरणका लागि विन्डपावर नेपालले महिला सहकारी र निजी संस्था 'मुठ्ठा एग्रो' बीच समन्वय पनि गरेको छ ।

माछा उत्पादनको निरन्तरता र वृद्धि सुनिश्चित गर्ने उद्देश्यले सहभागीहरूलाई माछा प्रजनन्का प्रविधिहरूमा पनि तालिम दिइएको थियो, जसअन्तर्गत प्रजाति चयन, प्रजनन् चक्रलगायतका विषयवस्तु समेटिएको छ । साथै उत्पादनका लागि बजारको विश्लेषण, प्रतिस्पर्धी मूल्य निर्धारण र स्रोतहरूको प्रभावकारी व्यवस्थापनका लागि बजार रणनीति र वित्तीय व्यवस्थापनसम्बन्धी तालिमहरू पनि प्रदान गरिएको थियो । वातावरणमैत्री कृषितर्फको दिगो परिवर्तन र सामाजिक समावेशिता सुनिश्चितको लक्ष्य बोकेको यस अभियान अक्वापोनिक्स प्रणालीको औपचारिक हस्तान्तरणसँगै सम्पन्न भयो ।

## हिटाकर्मी पोखरेललाई पितृशोक

**काठमाडौं ।** यस हिमालय टाइम्स दैनिकका आर्थिक ब्युरो प्रमुख लेखनाथ पोखरेललाई पितृशोक परेको छ । उहाँका पिता रामप्रसाद पोखरेलको १०१ वर्षको उमेरमा मंगलबार राती निधन भएको हो । दोलखा जिल्ला तामाकोशी गाउँपालिका-३ निवासी रामप्रसाद विगत केही दिनदेखि अस्वस्थ हुनुहुन्थ्यो । हिटाकर्मी लेखनाथका पिता रामप्रसादप्रति नेपाल पत्रकार महासंघ हिमालय टाइम्स प्रतिष्ठान शाखाका अध्यक्ष चूडामणि कोइराला र हिटा परिवारले श्रद्धाञ्जली व्यक्त गरेको छ । शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् ।




## पाँचखाल नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रकाशित मिति : २०८१/०९/२५**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम रु. (VAT र PS सहित) |
|---|---|---|---|---|
| 1. | PMW7/NCB/WORKS /01/2081/82 | Dhap Khola Pul Nirman ( Box Culvert Construction Work ) | Maskey Construction, Panchkhal , Kavrepalanchok | 26,39,804.86/- |


# बक्यौता रकम भुक्तानीका लागि निर्माण उद्योग परिषद्को प्रधानमन्त्रीलाई आग्रह

**हिमालय टाइम्स**
काठमाडौं, २४ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल निर्माण उद्योग परिषद्ले निर्माण क्षेत्रमा देखिएको संकुचन अन्त्यका लागि बक्यौता रकम भुक्तानी र भौतिक पूर्वाधारमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीसँग परिषद्का अध्यक्ष बलिभद्र रानासहित पदाधिकारीले सार्वजनिक खरिद नियमावलीमा संशोधन, छड, सिमेन्टलगायत निर्माण सामग्रीमा भएको मूल्यवृद्धिलाई ध्यान दिएर ठेक्काहरूमा मूल्य समायोजनलगायतका विषयमा प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराएका हुन् । सो अवसरमा प्रधानमन्त्री ओलीले निर्माण व्यवसायीको केही रकम भुक्तानी गरिसकिएको र बाँकी रकम भुक्तानी प्रक्रियालाई सहज बनाउने गरी काम गर्न आफूले सम्बन्धित निकायलाई निर्देशन दिइसकेको जानकारी गराउनुभएको थियो ।

सबैभन्दा कम रकममा ठेक्का दिने प्रक्रियाले कतिपय ठाउँमा गुणस्तरीय निर्माण कार्य हुन नसकेको भन्दै प्रधानमन्त्री ओलीले गुणस्तरमा सम्झौता नगर्न निर्माण व्यवसायीलाई आग्रह गर्नुभएको थियो । सरकारलाई गुणस्तर मापदण्ड पूरा नभएका कुनै पनि कार्य स्वीकार्य नहुने स्पष्ट गर्दै उहाँले लागत अनुमान गर्दा सम्भावित जोखिमलाई ध्यानमा राखिएको बताउनुभयो । उहाँले सरकारले विकास निर्माणलाई उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै विगतमा भूकम्पपछिको पुनर्निर्माणलाई सफलतापूर्वक सम्पन्न गरेको स्मरण गर्नुभयो ।



### 'पुस २७ गतेको राष्ट्रिय भेलामार्फत् आन्दोलनमा जान्छौं'

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीहरू पुस २७ गतेको राष्ट्रिय भेलामार्फत् सडक आन्दोलनमा जाने बताउनुभएको छ । मंगलबार ललितपुरमा पूर्वाधार पत्रकार समाजले आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष सिंहले यस्तो बताउनुभएको हो । उहाँले वर्तमान परिवेशमा निर्माण क्षेत्र सकसमा रहँदा पनि राज्यले निर्माण व्यवसायीहरूका समस्या समाधान नगरेकाले सडक आन्दोलनमा जान बाध्य भएको जिकिर गर्नुभयो ।

उहाँले पुस २७ गते निर्माण व्यवसायीहरूको राष्ट्रिय भेला गरी सरकारलाई खबरदारी गर्ने योजना रहेको सुनाउनुभयो । अध्यक्ष सिंहले भेलामा ७७ जिल्ला र प्रदेशका प्रतिनिधिहरू रहने बताउनुभयो । उहाँले भेलाको विषयमा सरकारका सबै निकायलाई जानकारी दिएको बताउनुभयो । 'वर्तमान परिवेशमा निर्माण क्षेत्र अत्यन्तै सकसमा छ । पुस २७ गते निर्माण व्यवसायीहरूको राष्ट्रिय भेला गरी सरकारलाई खबरदारी गर्नेछौं । यो भेलालाई निर्माण क्षेत्रको समस्या समाधानका लागि आन्दोलनका रूपमा लैजान पनि सकिन्छ । ७७ जिल्ला र प्रदेशका प्रतिनिधिहरूसहित भेला हुनेछ । आन्दोलित भएर सडकमा जानुपर्ने अवस्था आएको छ । सरकारका सबै निकायहरू सबैलाई जानकारी दिएका छौं । सिमेन्ट उद्योगीहरूले उत्पादनलाई कटौती गरी कालोबजारी गरेर ५०० रुपैयाँ रहेको सिमेन्टको मूल्य आज ७७० रुपैयाँसम्म पुऱ्याएका छन् । त्यो विषयमा पनि आन्दोलित भएका छौं,' अध्यक्ष सिंहले भन्नुभयो । उहाँले सकसमा रहेको निर्माण क्षेत्र सिमेन्ट उद्योगीहरूले उत्पादनलाई कटौती गरेर मूल्यमा गरेको कालोबजारीले थप मारमा परेको बताउनुभयो ।




## Bhairabi Rural Municipality
### Office of the Rural Municipal Executive
Bhairikalikathum, Dailekh
Karnali province Nepal

**Invitation for Sealed Quotation**

**Name of the Office:** Bhairabi Rural Municipality, Dailekh
**Address of the Office:** Kalika Bazar Dailekh
**Invitation for Sealed Quotation for the procurement of Procurement of medicane**
**Sealed Quotation No:** BRM/MED/SQ/04/2081/82

**Date of Publication 09-01-2025**

1. The Bhairabi Rural Municipality, Dailekh invites sealed quotations from registered Suppliers for the Procurement of medicane.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Kalika Bazar Dailekh, 9867871753,, rajbudha6@gmail.com.
   OR [may visit PPMO website www.bolpatra.gov.np].
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Bhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh and the officeBhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.0 till 24-01-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. **Name of the Bank** : Himalayan Bank Ltd.
   ii. **Name of Office** : Bhairabi Rural Municipality, Dailekh
   iii. **Office Code no** :
   iv. **Office Account No** : 26550739280107
   v. **Rajaswa (revenue) Shirshak No:**
5. Sealed bids must be submitted to the office Bhairabi Rural Municipality, Dailekh Kalika Bazar Dailekh by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 24-01-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-01-2025 14:00 at the office of Bhairabi Rural Municipality, Dailekh, Kalika Bazar, Dailekh, Karnali Province,Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 25000, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[26550739280093] at [Himalayan Bank Ltd., Bhairabi 4] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief administrative officer**


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल